# सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण

## जिल्ला प्रशासन कार्यालय, गोरखा

## आर्थिक वर्ष ०७६।७७ को वार्षिक प्रतिवेदन

**विषयसूची**


१. जिल्ला प्रशासन कार्यालयको स्वरुप र प्रकृति ........ १

२. जिल्ला प्रशासन कार्यालय गोरखाको काम, कर्तव्य र अधिकार ........ २

३. जिल्ला प्रशासन कार्यालय, गोरखामा रहेका कर्मचारी संख्या र कार्य जिम्मेवारी ........ ३

४. कार्यालयबाट सम्पादन गरिने सेवाको विवरण ........ ४

५. सम्पादन गरेको कामको विवरण ........ ४

५.१जिल्लामा सक्रिय गैरसरकारी संघसस्थासंग छलफल कार्यक्रम सम्पन्न ........ ६

५.२ मिठाई पसल अनुगमन सम्पन्न ........ ६

५.३ जिल्लामा राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी अन्तर्क्रिया तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न ........ ७

५.४ जिल्ला प्र.शा.का.गोरखाको राष्ट्रिय वाणिज्य बैंकको एक्सटेन्सन काउन्टर संचालनमा ........ ७

५.५ एक कर्मचारी एक फलफुल कार्यक्रम अन्तरगत फलफुल वृक्षारोपण कार्यक्रम सम्पन्न। ........ ७

५.६ ईलाका प्रहरी कार्यालय,घ्याल्चोकको प्र.जि.अ. सहितको टोलीद्धारा स्थलगत निरिक्षण सम्पन्न ........ ८

५.७ गण्डकी प्रदेश मामिला समितिको छलफल तथा अन्तर्किया कार्यक्रम सम्पन्न। ........ ८

५.८ जिल्ला विपद् व्यवस्थापन समिति, गोरखाको आयोजनामा सप्ताह व्यापी कार्यक्रम सम्पन्न ........ ८

५.९ सार्वजनिक, सरकारी र गुठी जग्गा संरक्षण सम्बन्धी जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न ........ ९

५.१० भष्ट्रचार नियन्त्रण: हाम्रो साझा दायित्व विषयक गोष्ठी सम्पन्न ........ ९

५.११ संघीय तथा प्रदेश सरकारमा प्रतिनिधित्व गर्ने माननीय ज्यूहरुसंग छलफल कार्यक्रम सम्पन्न ........ ९

५.१२ बुढिगण्डकी जलविद्युत आयोजनाको डुवानमा पर्ने आरुघाट र आर्खेत बजार क्षेत्रको मूल्य निर्धारण ........ ९

५.१३ महिला, शान्ति र सुरक्षासंग सम्बन्धीत रहेर राष्ट्रिय कार्ययोजना तर्जुमा सम्बन्धी छलफल तथा परामर्श कार्यक्रम सम्पन्न ........ ९

५.१४ आरुघाट स्थित सशस्त्र प्रहरी सुरक्षा वेसको अनुगमन तथा निरिक्षण सम्पन्न ........ १०

५.१५ २२ औ भुकम्प सुरक्षा दिवसको अवसरमा प्रभातफेरी तथा अन्तर्कृया कार्यक्रम सम्पन्न। ........ १०

५.१६ जिल्ला प्र.शा.का.गोरखाको राष्ट्रिय वाणिज्य बैंकको एक्सटेन्सन काउन्टर उद्घाटन सम्पन्न ........ १०

५.१७ विपद् व्यवस्थापन समितिको बैठक सम्पन्न ........ ११


जिल्ला प्रशासन कार्यालयको ... वार्षिक प्रतिवेदन

५.१८ कोरोना भाइरस रोकथामको लागि सर्वपक्षिय समन्वय बैठक सम्पन्न ..... ११

५.१९ कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि सर्वपक्षिय समन्वय वैठक तथा CCMC -0ps को संयुक्त बैठक सम्पन्नः ..... ११

५.२० कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि CCMC-OPS सहितको सर्वपक्षिय समन्वय बैठक सम्पन्नः ..... ११

५.२१ जि. प्रशा.का. गोरखामा राष्ट्रिय परिचयपत्र कार्यक्रम संचालनको लागि स्थायी स्टेशन स्थापनाः ..... १२

५.२२ कोरोना भाइरस रोकथाम नियन्त्रण तथा व्यवस्थापनको लागि भए गरेका कार्यहरुः ..... १२

५.२३ सार्वजनिक सरोकारका सम्बन्धमा प्रकाशित सूचनाहरु ..... १५

६ सूचना अधिकारी र प्रमुखको नाम र पद ..... १८

६.१ कार्यालय प्रमुखः ..... १८

**६.२ गुनासो सुन्ने अधिकारी** ..... १८

६.३ सूचना अधिकारीः ..... १८

७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि ..... १९

८. कार्यालयको वेभसाइट www.daogorkha.moha.gov.np ..... २०

९. कार्यालयको सूचना प्रकाशन हुने अन्य स्थान ..... २०

१०. अनूसुची–१ नागरिक वडापत्र ..... २१

जिल्ला प्रशासन कार्यालयको सूचनाको हकसम्बन्धी वार्षिक प्रतिवेदन

१. जिल्ला प्रशासन कार्यालयको स्वरुप र प्रकृति

जिल्ला प्रशासन कार्यालय गृह मन्त्रालय मातहत रही तोकिएका क्रियाकलापहरु संचालन गर्ने जिल्ला स्थित एक महत्वपूर्ण निकाय हो। यस कार्यालय मुख्यतः जिल्ला स्थित सम्पूर्ण सुरक्षा निकायहरुको समन्वयात्मक प्रयास एवं पहलमा जिल्लामा शान्ति, व्यवस्था र अमनचयन कायम राखी जनताका आधारभूत मौलिक हकहरु निर्वाध ढंगले उपभोग गर्न पाउने वातावरणको सिर्जनामा केन्द्रित रहन्छ । संवैधानिक एवं कानुनी प्रावधानहरु मुताविक नागरिकका व्यक्तिगत तथा सामुहिक हक, हित र अधिकारको निर्वाध उपभोग गरी राजनैतिक, सामाजिक, सांस्कृतिक, आर्थिक गतिविधिहरुमा स्वतन्त्र ढंगले संलग्न रहन पाउने अवस्थाको सिर्जनामा केन्द्रित रहनु नै जिल्ला प्रशासन कार्यालयको मूल कर्तव्य हो। यसै गरी जनताका आधारभुत आवश्यकतासँग सम्वन्धित विविध सेवा प्रवाह एवं जिल्लामा सञ्चालन हुने विकास आयोजनाहरुका निमित्त आवश्यक सहयोग एवं समन्वयको कार्यमा समेत यसको महत्वपूर्ण भूमिका रहन्छ।

२. जिल्ला प्रशासन कार्यालय गोरखाको काम, कर्तव्य र अधिकार

विभिन्न कानुनी व्यवस्थाहरुले जिल्ला प्रशासन कार्यालयलाई मुख्य रुपमा समन्वयकारी निकायको रुपमा स्थापित गरेको छ। ऐन, नियम, निर्देशिका, मापदण्ड एवं कार्यविधिहरुले निर्दिष्ट गरेका जिल्ला प्रशासन कार्यालयका नियमित एवं जिल्लाको विशिष्टता अनुरुपका केहि विशेष काम, कर्तव्य र अधिकारहरु निम्नानुसार रहेका छन।

- जिल्लामा शान्ति, सुरक्षा र अमनचयन कायम राखी जनताको मर्यादित जिवनयापन जिउन पाउने अधिकारको सुनिश्चितता गर्ने
- जिल्ला प्रशासन कार्यालयवाट प्रदान गरिने सेवा प्रवाहलाई चुस्त, दुरुस्त एवं प्रभावकारी तुल्याई जनतामा सुशासनको प्रत्याभूति गराउने
- अन्य कार्यालयवाट प्रदान गरिने सेवा वितरण प्रक्रियालाई गतिशिल एवं प्रभावकारी तुल्याउन आवश्यक समन्वय एवं निर्देशन प्रदान गरी जन गुनासो न्यूनीकरण गर्ने
- जिल्लास्थित कार्यालयहरुका विचमा आवश्यक समन्वय कायम गरी सेवा प्रवाह एवं विकास व्यवस्थापनलाई छिटो, छरितो एवं प्रभावकारी तुल्याउने
- सार्वजनिक अपराध एवं कालोवजारी नियन्त्रणसँग सम्वन्धित मुद्दाहरुको शुरु कारवाही र अन्तिम किनारा गरी अर्धन्यायिक कार्यहरु सम्पादन गर्ने
- संवैधानिक रुपमा प्रत्याभूत जनताका आधारभूत मौलिक हक एवं राज्यका निर्देशक सिद्धान्तहरुद्धारा निर्देशित नागरिकका स्वतन्त्रता, समानता र न्यायको सम्मान गर्दै मानवअधिकारको संरक्षण, सम्वर्द्धन एवं प्रवर्द्धनमा आवश्यक सहजीकरण गर्ने
- यातायात क्षेत्रको समग्र व्यवस्थापन मार्फत सिन्डिकेट, कार्टेलिङ जस्ता प्रवृत्तिहरुको न्यूनीकरण गर्दै सवारी साधनहरुको प्रतिस्पर्धात्मक एवं सहज आवागमनको व्यवस्था मिलाउने
- वजारको नियमित अनुगमन मार्फत कालोवजारी, वजार एकाधिकार जस्ता अस्वस्थ प्रवृत्तिहरुलाई निरुत्साहित गर्दै जिल्लामा वस्तु तथा सेवाको सहज आपूर्ति व्यवस्था मिलाउने

- जिल्लाभित्रका संसदीय, प्रादेशिक एवं स्थानीय तहको निर्वाचन व्यवस्थापनको नेतृत्व गर्दै स्वतन्त्र, निष्पक्ष, भयरहित र विश्वसनीय निर्वाचनका लागि आवश्यक सुरक्षा प्रवन्ध गर्ने
- विकास आयोजनाको रेखदेख, अनुगमन र आवश्यक समन्वय मार्फत पूर्वनिर्धारित परिणाम, गुणस्तर, समय एवं लागत अनुसारको आयोजनाको उद्देश्य प्राप्तिमा आवश्यक सहयोग पुर्याउने
- विपद्को पूर्वतयारी, खोज, उद्दार, राहत एवं पुनर्स्थापना मार्फत विपद्का जोखिमहरुको न्यूनीकरण एवं व्यवस्थापन क्रियाकलापहरुको नेतृत्व प्रदान गर्ने
- सरकारी कार्यालयहरुको नियमित निरीक्षण मार्फत सरल, सहज र प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गराउने

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट प्रत्यायोजित अधिकार वमोजिम जिल्लामा भएका वा हुन सक्ने अनियमितता एवं भ्रष्ट्रचारजन्य क्रियाकलापहरुको रोकथाम, अनुसन्धान र तहकिकातका क्रियाकलापमा संलग्न रही सदाचार एवं सुशासनयुक्त कार्यसंस्कृतिको विकास गराउने
- राजपत्र अनंकित कर्मचारीहरुको वढुवा समितिको नेतृत्व गर्दै वढुवा व्यवस्थापनमा संलग्न रहने
- जिल्लामा खाद्य असुरक्षाको स्थितिको नियमित समीक्षा गरी खाद्य सुरक्षाका लागि आवश्यक प्रवन्ध मिलाउने
- जिल्ला भित्रका सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज वनाउन आवश्यक समन्वय गर्ने
- दुर्गम, पिछडिएको एवं उत्पीडित र सीमान्तकृत समुदायको वसोवास रहेको क्षेत्रमा सेवा प्रवाहमा संलग्न अन्य निकायहरु समेतको संलग्नतामा आवश्यकता अनुसार एकीकृत घुम्ती सेवा सञ्चालन गर्ने
- गैरसरकारी संस्थाहरुका गतिविधिलाई राज्यका प्राथमिकता प्राप्त क्षेत्रमा केन्द्रित गरी सरकारको घोषित लक्ष्य एवं उद्देश्यहरुको परिपूर्तिमा सघाउ पुर्‍याउने ढंगले आवश्यक अनुगमन/नियमन गर्ने
- सीमा क्षेत्रलाई व्यवस्थित गरी उक्त क्षेत्रमा हुने अपराधिक एवं अवैधानिक गतिविधिहरु नियन्त्रण गर्ने
- सार्वजनिक सम्पत्तिको सुरक्षा एवं प्राकृतिक स्रोत साधनको संरक्षण गर्न आवश्यक व्यवस्था गर्ने
- भूकम्प पश्चातको पुनर्स्थापना एवं पुनर्निर्माणसँग सम्वन्धित विविध सरोकारवाला व्यक्ति एवं निकायहरुविचको आपसी समन्वय मार्फत पुनर्निर्माणको गतिविधिलाई गति प्रदान गर्ने
- विभिन्न विकास आयोजनाहरूका क्रममा जग्गा प्राप्ति, सरोकारवाला व्यवस्थापन देखि अनुगमन/मूल्यांकन सम्मका सम्पूर्ण चरणहरुमा आवश्यक सहयोग र समन्वय गर्ने
- राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको जलाशययुक्त वुढीगण्डकी आयोजनाद्वारा प्रभावित व्यक्ति तथा निकायहरूका लागि मुआव्जा निर्धारण एवं वितरण कार्यको नेतृत्व गर्ने
- सीमान्तकृत एवं लोपोन्मुख वर्गका समुदायको लागि सञ्चालित जनता आवास कार्यक्रमका लागि लाभग्राही पहिचान लगायतका अन्य सम्पूर्ण चरणहरुमा आवश्यक समन्वय एवं सहयोग प्रदान गर्ने

- सार्वजनिक निर्माण एवं विकास आयोजनाहरुको सिलसिलामा जग्गा प्राप्तिका लागि जग्गाको मुआब्जा निर्धारण कार्यको नेतृत्व गर्ने
- सरकारले समय समयमा कानूनी रुपमा तोके वमोजिमका क्रियाकलापहरुको आवश्यक नेतृत्व एवं समन्वय गर्ने
- राष्ट्रिय परिचयपत्रको विवरण संकलन तथा वितरण गर्ने।

३. जिल्ला प्रशासन कार्यालय, गोरखामा रहेका कर्मचारी संख्या र कार्य जिम्मेवारी

| क्र.सं. | कर्मचारीको नाम थर | पद | फोन नम्बर | कार्यरत फाँट | कोठा नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री सुरेन्द्र पौडेल | प्रमुख जिल्ला अधिकारी | ९८५६०५७७७७ | | कोठा नं.३०१ | |
| २ | श्री देवी पाण्डे (खत्री) | स.प्र.जि.अ. | ९८५६०५७७७८ | | कोठा नं.२०१ | |
| ३ | श्री गणेश प्रसाद भट्टराई | प्रशासकीय अधिकृत | ९८५६०७०१४२ | नागरिकता फाँट | कोठा नं.१०२ | |
| ४ | श्री हर्क बहादुर रोका | प्रशासकीय अधिकृत | ९८५६०५७७८० | प्रशासन फाँट | कोठा नं. १०५ | |
| ५ | श्री दिपक सिग्देल | नायवसुब्बा | ९८६६००२७७९ | प्रतिलिपि फाँट | कोठा नं.१०२ | |
| ६ | श्री तुलसीराम खनाल | लेखापाल | ९८५१०६८०५६ | लेखाफाँट | कोठा नं.३०७ | |
| ७ | श्री सृजना श्रेष्ठ | नायवसुब्बा | ९८४६७५४४६२ | राहदानी फाँट | कोठा नं. १०२ | |
| ८ | श्री लक्ष्मण पगेनी | कम्प्युटर अपरेटर | ९८४००१०८०४ | कम्प्युटर फाँट | कोठा नं.१०२ | |
| ९ | श्री लक्ष्मी पन्त | कम्प्युटर अपरेटर | ९८४६०७५२४७ | राष्ट्रिय परिचयपत्र | कोठा नं. १०५ | |
| १० | सुदिप विश्वकर्मा | कम्प्युटर अपरेटर | ९८४४५५४००२ | प्रशासन फाँट | कोठा नं. १०५ | |
| ११ | श्री निर्मल राना | खरिदार | ९८४६०८२५१३ | नागरिकता फाँट | कोठा नं. १०२ | |
| १२ | श्री रुम बहादुर खड्का | खरिदार | ९८५१२२९५१७ | नागरिकता फाँट | कोठा नं. १०२ | |
| १३ | श्री रुद्ध प्रसाद तिमिल्सिना | खरिदार | ९८४७६४५१२२ | मुद्धा फाँट | कोठा नं. २०२ | |
| १४ | श्री फत्त बहादुर राना मगर | का.स. पाचौँ | ९८४६०८९२६१ | राहदानी फाँट | कोठा नं. १०१ | |
| १५ | श्री राजु मगर | हलुका सवारी चालक | ९८४६२४५८११ | | | |
| १६ | श्री इन्द्र बहादुर खत्री | हलुका सवारी चालक | ९८१६१९१२९८ | प्रशासन फाँट | कोठा नं. १०५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | श्री राजु खनाल | कार्यालय सहयोगी | ९८४६०९८४५५ | प्रतिलिपि फाँट | कोठा नं. १०२ | |
| १८ | श्री सुरज बस्नेत | कार्यालय सहयोगी | ९८४६२५३८१८ | | | |
| १९ | श्री विनोद राना मगर | कार्यालय सहयोगी | ९८४६७२६२९० | स्वकीय सचिवालय | कोठा नं. ३०१ | |
| २० | श्री पार्वती बाँनिया | कार्यालय सहयोगी | ९८४६७४७६६७ | प्रशासन फाटँ | | |
| | | | **DEOC मा कार्यरत कर्मचारीहरु** | | | |
| **क्र.सं.** | **कर्मचारीको नाम थर** | **पद** | **फोन नम्बर** | **कार्यरत फाँट** | **कोठा नं.** | **कैफियत** |
| १ | मोहन भण्डारी | प्रहरी हल्दार | ९८४८०७१५०९ | DEOC | कोठा नं. २०४ | |
| २ | सुमन कुमाल | स.प्र. ब.ह. | ९८०३१९५२३८ | DEOC | कोठा नं. २०४ | |
| ३ | पदम अर्याल | स. ह. | ९८४९६१२५८७ | DEOC | कोठा नं. २०४ | |
| | | | | | | |

४. कार्यालयबाट सम्पादन गरिने सेवाको विवरण

जिल्ला प्रशासन कार्यालय, गोरखाले प्रदान गर्ने सेवा एवं सो सम्वन्धी विवरणहरु अनुसूचि १ को नागरिक वडापत्रमा उल्लेख गरे वमोजिम रहेको छ।

## ५. सम्पादन गरेको कामको विवरण

जिल्ला प्रशासन कार्यालय, गोरखाले नियमित रुपमा संचालन गर्ने सेवा प्रवाहका क्रियाकलापहरुका अतिरिक्त सेवा प्रवाह एवं विकास व्यवस्थापनमा सकरात्मक योगदान पुर्याउने ढंगले विविध गतिविधिहरुको सुरुवातको नेतृत्व समेत गरेको छ। राज्य प्रणालीका विभिन्न अवयवहरुको पुनर्संरचनाको प्रक्रियामा रहेको यस महत्वपूर्ण घडीमा राजनीतिक परिवर्तनलाई संस्थागत गर्न तथा जनअपेक्षा अनुरुप आफ्ना क्रियाकलापहरुलाई छिटो, छरितो एवं गुणस्तरीय तुल्याई भूमण्डलीकृत विश्वमा नेपालको सार्वजनिक प्रशासनलाई प्रतिस्पर्धी तुल्याउन हाम्रा सोच, व्यवहार एवं कार्यशैलीमा समेत सोही मुताविकको परिवर्तनको आवश्यकता रहन्छ। यस अर्थमा जिल्ला प्रशासन कार्यालय, गोरखाले त्यस प्रकारका नवीनता एवं सिर्जनात्मकताको प्रवर्द्धनका निमित्त केहि महत्वपूर्ण कामको सुरुवात समेत गरेको छ। कार्यालयद्धारा प्रतिवेदन अवधिमा संचालित नियमित क्रियाकलापहरुका प्रतिनिधिमूलक सूचिहरु निम्नानुसारका रहेका छन।

| क्र.सं. | सम्पादन गरेको काम | कामको परिमाण | कैफियत |
|---|---|---|---|
| | **प्रशासन शाखा (२०७६ साउन देखि २०७७ असार मसान्त सम्मको विवरण)** | | |

<table>
<tr><td>१</td><td colspan="2">नावालक परिचय पत्र</td><td>२५४</td><td></td></tr>
<tr><td>२</td><td colspan="2">कुनै व्यहोरा प्रमाणित</td><td>२००</td><td></td></tr>
<tr><td>३</td><td colspan="2">हातहतियार इजाजत</td><td>१</td><td></td></tr>
<tr><td>४</td><td colspan="2">हातहतियार नामसारी</td><td>१</td><td></td></tr>
<tr><td>५</td><td colspan="2">हातहतियार नविकरण</td><td>३१</td><td></td></tr>
<tr><td>६</td><td colspan="2">हातहतियार इजाजत खारेज</td><td>२</td><td></td></tr>
<tr><td>७</td><td colspan="2">सीमा पास उपलब्ध गराउने</td><td>०</td><td></td></tr>
<tr><td>८</td><td colspan="2">सीमा पास नवीकरण</td><td>०</td><td></td></tr>
<tr><td>९</td><td colspan="2">विष्फोटक पदार्थ अनुमति</td><td>३</td><td></td></tr>
<tr><td>१०</td><td colspan="2">विष्फोटक पदार्थ अनुमति नविकरण</td><td>२</td><td></td></tr>
<tr><td colspan="5">नागरिकता शाखा(२०७६ साउन देखि २०७७ असार मसान्त सम्मको विवरण)</td></tr>
<tr><td rowspan="2">१</td><td rowspan="2">वंशजको नाताले नागरिकता वितरण</td><td>जिल्ला प्रशासन कार्यालयबाट</td><td>५३४३</td><td></td></tr>
<tr><td>घुम्ती सेवाबाट</td><td>०</td><td></td></tr>
<tr><td>२</td><td colspan="2">जन्मको आधारमा नागरिकता प्राप्त गरेका व्यक्तिका सन्तानलाई वितरित वंशजको नागरिकता विवरण</td><td>०</td><td></td></tr>
<tr><td>३</td><td colspan="2">बैबाहिक अंगीकृत नागरिकता वितरण</td><td>१</td><td></td></tr>
<tr><td>४</td><td colspan="2">नागरिकता प्रतिलिपी वितरण</td><td>४९५९</td><td></td></tr>
<tr><td colspan="5">राहदानी शाखा(२०७६ साउन देखि २०७७ असार मसान्त सम्मको विवरण)</td></tr>
<tr><td>१</td><td colspan="2">राहदानी वितरण (जि.प्रशा.का.बाट)</td><td>३५५४</td><td></td></tr>
<tr><td>२</td><td colspan="2">द्रुत राहदानी वितरणका लागि राहदानी विभागमा सिफारिस</td><td>४००४</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| **मुद्दा शाखा(२०७६ साउन देखि २०७७ असार मसान्त सम्मको विवरण)** | | | |
| १ | मुद्दा दर्ता | ७० | |
| २ | मुद्दाको अन्तिम किनारा | ४१ | |
| ३ | संस्था दर्ता | ५५ | |
| ४ | संस्था नविकरण | २३२ | |
| ५ | संस्थाको विधान संशोधन | ७ | |
| **अन्य कार्यहरु(२०७६ साउन देखि २०७७ असार मसान्त सम्मको विवरण)** | | | |
| २ | गुनासो वा ठाडो उजुरी | ६८ | |
| ३ | कार्यालय छड्के | ६ | |
| ४ | वजार अनुगमन | ४ | |
| ५ | जनजाति/दलित/मुस्लिम प्रमाणित | ३०१ | |

माथि उल्लेखित कार्यालयद्वारा सम्पादित नियमित कार्यक्रमहरूको अतिरिक्त यस त्रैमासिक अवधिमा कार्यालयद्वारा सम्पादित केहि प्रतिनिधिमूलक कार्यहरू निम्नानुसारका रहेका छन।

## ५.१जिल्लामा सक्रिय गैरसरकारी संघसस्थासंग छलफल कार्यक्रम सम्पन्न

जिल्लामा सकृय तथा कृयाशिल गैरसरकारी संस्थासंग मिति २०७६।०५।१० गते श्रीमान् प्रमुख जिल्ला अधिकारी देवेन्द्र लामिछाने ज्यूको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालयको सभाहलमा छलफल कार्यक्रमसम्पन्न भयो। सो कार्यक्रममा जिल्ला स्थित राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाद्धारा आ- आफ्नो संस्थाद्धारा संचालित कार्यक्रमको बारेमा प्रस्तुतिकरण गरिएको थियो।साथै विकास निर्माण संग सम्बन्धित कार्यक्रम संचालन गर्ने जिल्ला स्थित सरकारी कार्यालय तथा स्थानीय तहहरुको समेत उक्त कार्यक्रममा उल्लेखिय सहभागिता रहेको थियो।

## ५.२ मिठाई पसल अनुगमन सम्पन्न

मिति २०७६।०४।१४ गते जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा उपभोक्ता हित संरक्षण मञ्च, गोरखा उद्योग वाणिज्य संघ, चेम्वर्स अफ कमर्श, जिल्ला प्रहरी कार्यालयको सहभागितामा गोरखा नगरपालिका वडा नं. ०६

वसपार्क नजिक रहेको गुप्ता मिष्ठान्न भण्डारमा अनुगमन गरिएको थियो । सामाजिक सञ्जालका साथै जनगुनासो बढेपछि गरिएको अनुगमनका क्रममा उक्त भण्डारणका केही मिठाई गुणस्तर परिक्षणको लागि खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण डिभिजन कार्यालय, दमौली तनहूँमा पठाइएकोमा तहाँ कार्यालयबाट प्राप्त प्रतिवेदन अनुसार उक्त मिठाइमा अखाद्य बस्तु नभेटिएको जानकारी प्राप्त भएको थियो।

### ५.३ जिल्लामा राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी अन्तर्क्रिया तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न

राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको आयोजना तथा जिल्ला प्रशासन कार्यालय गोरखाको समन्वयमा गोरखा जिल्लामा राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी अन्तर्क्रिया तथा अभिमुखिकरण कार्यक्रम २०७६ साल श्रावण ३१ गते शुक्रवारको दिन सम्पन्न भयो । गोरखा जिल्लाका प्रमुख जिल्ला अधिकारी देवेन्द्र लामिछाने ज्यूको अध्यक्षता तथा गण्डकी प्रदेश भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय लेख बहादुर थापा मगरको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा विभागका सूचना प्रविधि शाखाका निर्देशक सुभाष ढकालले परिचयपत्रको बारेमा जानकारीको साथै सहभागीहरुको जिज्ञासाको जवाफ दिनुभएको थियो । उक्त कार्यक्रममा प्रमुख अतिथि माननिय मन्त्री थापामगर ज्यूले राष्ट्रिय परिचयपत्र कार्यान्वयनमा आएपछि समाजमा हुने अपराधिक गतिविधिमा कमि आउने विश्वास व्यक्त गर्नुभएको थियो । कार्यक्रममा सहभागीले परिचयपत्रका विषयमा रहेका जिज्ञासाहरु राख्नुको साथै कार्यक्रममा अध्यक्ष तथा श्रीमान् प्रमुख जिल्ला अधिकारी देवेन्द्र लामिछानेले हाल जिल्लामा राष्ट्रिय परिचयपत्र सम्बन्धि एक इकाइ रहेतापनि सम्बन्धित स्थानीय तहसगँको समन्वयमा प्रविधिको अवस्था हेरेर जिल्लाका स्थानीय तहबाट समेत सेवा दिनेगरी कार्य गरिने बताउनु भएको थियो । कार्यक्रममा स्थानीय माननीय सांसदज्यूहरु, जिल्ला समन्वय समितिका उपप्रमुख, जिल्ला स्थित राष्ट्रिय राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि, स्थानीय जनप्रतिनिधि, कार्यालय प्रमुख, पत्रकार, नागरिक समाज, गैरसरकारी महासंघ, रेडक्रस, पत्रकार महासंघ, उद्योग बाणिज्य संघ, चेम्वर अफ कमर्स आदिकाप्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

### ५.४ जिल्ला प्र.शा.का.गोरखाको राष्ट्रिय वाणिज्य बैंकको एक्सटेन्सन काउन्टर संचालनमा

यहि मिति २०७६।०५।०८ गते आइतबारको दिन देखि जिल्ला प्रशासन कार्यालय गोरखामा राष्ट्रिय वाणिज्य बैंक गोरखा शाखाको एक्सटेन्सन काउन्टर सञ्चालनमा आएको छ । प्रमुख जिल्ला अधिकारी देवेन्द्र लामिछाने ज्यूद्धारा online भौचर भरि एक्सटेन्सन काउन्टरको सूरुवात गर्नुभएको थियो । उक्त काउण्टरबाट जिल्ला प्रशासन कार्यालय तथा अन्य आसपासका मालपोत , नापी , विद्युत आदि कार्यालयमा सेवाग्राहीले बुझाउनु पर्ने राजश्व बुझाउन सकिने छ । यस काउण्टर संचालन संगै सेवाग्राही तथा कार्यालयहरुलाई सेवा लिन थप सहज तथा छिटो छरितो हुने विश्वास लिइएको छ । उक्त काउण्टर जिल्ला प्रशासन कार्यालय गोरखाको प्रमुख जिल्ला अधिकारी देवेन्द्र लामिछाने ज्युको बिशेष अनुरोध र पहलमा सञ्चालन गरिएको हो ।

### ५.५ एक कर्मचारी एक फलफुल कार्यक्रम अन्तरगत फलफुल वृक्षारोपण कार्यक्रम सम्पन्न ।

२०७६ असोज ५ गते विहान प्रमुख जिल्ला अधिकारी निवासमा कागतिको विरुवा रोपण गरिएको छ । एक कर्मचारी एक फलफुल विरुवा कार्यक्रम अन्तर्गत फलफुलको बृक्षारोपण कार्यक्रमको सुरुवात प्रमुख जिल्ला

अधिकारी देवेन्द्र लामिछाने ज्यूद्धारा कागतिको विरुवारोपि गरिएको थियो । उक्त कार्यक्रममा १५ कागतिको विरुवा रोपिएको थियो ।

### ५.६ ईलाका प्रहरी कार्यालय,घ्याल्चोकको प्र.जि.अ. सहितको टोलीद्धारा स्थलगत निरिक्षण सम्पन्न

गोरखा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्रीमान् देवेन्द्र लामिछाने ज्यू सहितको टोलीद्धारा मिति २०७६।०५।१९ गते जिल्ला स्थित इलाका प्रहरी कार्यालय, घ्याल्चोकको स्थलगत निरिक्षण सम्पन्न भएको छ । उक्त स्थलगत निरिक्षणको अवसरमा श्रीमान् प्रमुख जिल्ला अधिकारी देवेन्द्र लामिछाने ज्यूबाट जिल्लाको शान्ति सुरक्षालाई थप चुस्त दुरुस्त र प्रभावकारी बनाउनको लागि निर्देशन समेत दिनुभएको थियो ।

### ५.७ गण्डकी प्रदेश मामिला समितिको छलफल तथा अन्तर्किया कार्यक्रम सम्पन्न ।

गण्डकी प्रदेश मामिला समितिको आयोजना तथा जिल्ला प्रशासन कार्यालय,गोरखाको समन्वयमा छलफल तथा अन्तर्किया कार्यक्रम मिति २०७६।०५।२९ गते सम्पन्न भयो । उक्त कार्यक्रमको अध्यक्षता प्रदेश मामिला समितिको सभापति माननीय कृष्ण थापाद्धारा गरिएको थियो । कार्यक्रममा समिति सदस्य माननीय कृष्ण बहादुर थापा तथा मधु माया अधिकारी गुरुङको समेत सहभागिता रहेको थियो । समितिका सदस्य माननीय मन कुमारी गुरुङले संचालन गर्नु भएको कार्यक्रममा गोरखा जिल्लाका समन्वय प्रमुख अशोक कुमार गुरुङ, उपप्रमुख जानुका अधिकारी, गोरखा नगरपालिकाको नगर उपप्रमुख विना कुमारी श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी देवेन्द्र लामिछाने, प्रहरी उपरिक्षक ओम प्रसाद अधिकारी, कारागार प्रुमख विष्णु थापा,पत्रकार महासंघ गोरखाका सचिव नरहरी सापकोटा लगायतको सहभागिता रहेको थियो । कार्यक्रम अघि समितिद्धारा कारागार कार्यालय गोरखाको निरिक्षण समेत भएको थियो ।

### ५.८ जिल्ला विपद् व्यवस्थापन समिति, गोरखाको आयोजनामा सप्ताह व्यापी कार्यक्रम सम्पन्न

**IDDR day Oct 13** सप्ताह व्यापी कार्यक्रम गरी मनाइएको छ । सप्ताह व्यापी कार्यक्रम अन्तर्गत विभिन्न जनचेतनामूलक कार्यक्रम,सचेतनामूलक र्याली तथा अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिएको थियो ।सप्ताह व्यापी कार्यक्रम अन्तर्गत मिति २०७६।०६।३० गते जिल्ला समन्वय समितिको सभाहलमा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो । सो कार्यक्रमको अध्यक्षता जि.वि. व्य.स. का अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री देवेन्द्र लामिछाने ज्यूले गर्नु भएको थियो । उक्त अवसरमा सशस्त्र प्रहरी बल नं. २९ गुल्मद्धारा विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धि सचेतनामूलक प्रस्तुति प्रस्तुत गरिएको थियो । उक्त कार्यक्रम Care Nepal Gorkha का प्रमुख माधव ढकालद्धारा संचालन,Gmali प्रमुख रामशरण आचार्यद्धारा स्वागत मन्तव्य राखिएको कार्यक्रममा पत्रकार महासंघ गोरखाका अध्यक्ष किशोरजंग थापा, धार्चे गाउँपालिकाको उपाध्याक्ष फुलमाया गुरुङ,प्रमुख जिल्ला अधिकारी देवेन्द्र लामिछाने लगायतले आफ्नो भनाई राख्नु भएको थियो ।

### ५.९ सार्वजनिक, सरकारी र गुठी जग्गा संरक्षण सम्बन्धी जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न

सरकारी, सार्बजनिक र गुठी जग्गा संरक्षण जाचबुझ आयोग २०७६, सिहदरबार काठमाडौको आयोजना तथा जिल्ला प्राशासन कार्यालय गोरखाको समन्वयमा जिल्ला समन्वय हलमा आयोजित सरकारी, सार्बजनिक र गुठी जग्गा सरंक्षण सम्बन्धी जिल्लास्तरिय अन्तरकृया कार्यक्रम पौष २५ गते जिल्ला समन्वय हलमा सम्पन्न भयो। कार्यक्रममा जिल्लाको समन्वय प्रमुख, स्थानिय तहको प्रमुख उपप्रमुख, सुरक्षा नियाय प्रमुख, कार्यालय प्रमुख, बार एसोसिएसन, नागरिक समाज, पत्रकार लगाएतको सहभागिता रहेको थियो।

### ५.१० भष्ट्रचार नियन्त्रण: हाम्रो साझा दायित्व विषयक गोष्ठी सम्पन्न

मिति २०७६/०७/२९ गते जिल्लामा भ्रष्टचार नियन्त्रण : हाम्रो साझा दायित्व बिषयक गोष्ठि सम्पन्न भएको छ। राष्ट्रीय सतर्कता केन्द्रको आयोजना तथा जिल्ला प्रशासन कार्यालय गोरखाको सह आयोजनामा सम्पन्न कार्यक्रम मा जिल्लाका स्थानिय तहका प्रमुख उपप्रमुख, कार्यालय प्रमुख, पत्रकार, गैरसरकारी सस्थाका प्रमुख/ प्रतिनिधि, नागरिक समाज, गोरखा उद्योग बाणिज्य संघ/ गोरखा चेम्बर अफ कमर्श का प्रतिनिधि लगाएतको सहभागिता रहेको थियो। प्र जि अ श्री देवेन्द्र लामिछाने ज्युको अध्यक्षता तथा समन्वय प्रमुख अशोक कुमार गुरुङज्युको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा राष्ट्रिय सतर्कता केन्द्रको सचिब डा. रिसिराम शर्मा लगायतको सहभागिता रहेको थियो।

### ५.११ संघीय तथा प्रदेश सरकारमा प्रतिनिधित्व गर्ने माननीय ज्यूहरुसंग छलफल कार्यक्रम सम्पन्न

कार्तिक १८ गते जिल्ला प्रशासन कार्यालयको सभाहलमा जिल्लाबाट सङ्घिय सम्सदमा प्रतिनिधित्व गर्नु हुने माननिय ज्यु तथा कार्यालय प्रमुखहरुसग पुनर्निर्माण तथा पुर्बाधार बिकास बिषयक छलफल कार्यक्रम सम्पन्न भयो। पुर्ब प्रधानमन्त्री एवम प्रतिनिधिसभा सदस्य माननिय डा बाबुराम भट्टराइ, राष्ट्रीय सभा सदस्य एवम बिपक्षिदलको नेता माननिय सुरेन्द्र पाण्डे, प्रतिनिधिसभा सदस्य माननिय चुडामणि खड्का लगायतँसग भएको छलफल कार्यक्रम मा गण्डकी प्रदेशसभा सदस्य माननिय हरिशरण आचार्य, समन्वय समिति प्रमुख अशोक कुमार गुरुङ लगायतको सहभागिता रहेको थियो।

### ५.१२ बुढिगण्डकी जलविद्युत आयोजनाको डुवानमा पर्ने आरुघाट र आर्खेत बजार क्षेत्रको मूल्य निर्धारण

प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको मुआब्जा निर्धारण समितिले गोरखा जिल्ला स्थित बुढिगण्डकी जलविद्युत आयोजनाको डुवान क्षेत्रमा पर्ने आरुघाट र आर्खेत बजार क्षेत्रमा पर्ने जग्गाहरुको मुआब्जा मिति २०७६।०८।१६ गते बसेको बैठकबाट मुआब्जा निर्धारण गरेको छ। लामो समयदेखि मुआब्जा निर्धारण हुन नसकेको सो क्षेत्रहरुको मुआब्जा निर्धारण संगै आयोजनाले गति लिने अपेक्षा रहेको छ।

### ५.१३ महिला, शान्ति र सुरक्षासंग सम्बन्धीत रहेर राष्ट्रिय कार्ययोजना तर्जुमा सम्बन्धी छलफल तथा परामर्श कार्यक्रम सम्पन्न

गृह मन्त्रालयको आयोजना तथा जिल्ला प्रशासन कार्यालय गोरखाको समन्वयमा महिला, शान्ति र सुरक्षासंग सम्बन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५,१८२० र अन्य पूरक प्रस्तावहरुको कार्यान्वयन गर्न दोश्रो चरणको राष्ट्रिय कार्ययोजना तर्जुमा सम्बन्धी छलफल तथा परामर्श कार्यक्रम, २०७६ प्रमुख जिल्ला

अधिकारी श्रीमान् देवेन्द्र लामिछाने ज्यूको अध्यक्षता तथा समन्वय प्रमुख श्री अशोक कुमार गुरुङ ज्यूको प्रमुख आतिथ्यतामा मिति २०७६।८।१६ गते सम्पन्न भयो।

### ५.१४ आरुघाट स्थित सशस्त्र प्रहरी सुरक्षा वेसको अनुगमन तथा निरिक्षण सम्पन्न

जिल्ला सुरक्षा समितिका प्रमुख एवं प्रमुख जिल्ला अधिकारी श्री देवेन्द्र लामिछाने ज्यूको नेतृत्वमा सशस्त्र प्रहरी बल नेपाल नं. २९ हे. क्वा गुल्म गोरखाको प्रमुख श्री गुणराज न्यौपाने सहितको टोलीद्धारा मिति २०७६।१०।०१ गते सशस्त्र प्रहरीको आरुघाट सुरक्षा बेसको अनुगमन तथा निरिक्षण सम्पन्न गर्नुभएको थियो । उक्त अनुगमनको क्रममा तहाँ खटिएका सुरक्षाकर्मीहरुलाई उच्च मनोवलका साथ शान्ति सुरक्षा कायम गर्न सदैव तत्पर रहन प्रमुख जिल्ला अधिकारीले निर्देशन दिनुभएको थियो।

### ५.१५ २२ औ भुकम्प सुरक्षा दिवसको अवसरमा प्रभातफेरी तथा अन्तर्कृया कार्यक्रम सम्पन्न।

२२औ भुकम्प सुरक्षा दिवसको अवसर पारी भुकम्प सुरक्षा दिवस मूल समारोह समिति आयोजना तथा २२ औ भुकम्प सुरक्षा दविस मूल समारोह समतिकिा अध्यक्ष एवं प्रमुख जलि्ला अधकिारी श्री देवेन्द्र लामिछानेको अध्यक्षतामा प्रभातफेरी तथा अन्तरकृया कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा जिल्ला समन्वय समितिको प्रमुख स्थानीय तहका प्रमुख/ उपप्रमुख, जनप्रतिनिधि, कार्यालय प्रमुख/ कर्मचारी, सुरक्षा निकायका प्रमुख तथा जवान, पत्रकार महासघं गोरखाका प्रमुख तथा पत्रकार, गैरसरकारी महासंघ गोरखाका प्रमुख तथा अन्य गैरसरकारी संस्था प्रतिनिधि लगायतको सहभागीता रहेको थियो। सो कार्यक्रममा जिल्ला आयोजना कार्यान्वयन इकाई भवनको प्रमुख सुनिता श्रेष्ठले २०७२ सालको भुकम्पपछि गोरखा जिल्लामा भएको पुननिर्माणको कामहरुबारे जानकारी गराउनुभएको थियो। व्यक्तिगत आवास पुननिर्माणमा ८० प्रतिशतभन्दा बढि काम सकिएको बताउदैँ उहाँले अन्य संरचना निर्माणको काम पनि धमाधम भइरहेको बताउनुभयो। यस्तै सशस्त्र प्रहरी निरिक्षकक जीवनलाल बुढाले भुकम्पबाट सुरक्षित रहने तरिकाबारे जानकारी गराउनु भएको थियो भने डाक्टर कृष्णचन्द्र देवकोटाले भुकम्पपछि गोरखाका विभिन्न ठाउँ पहिरोको जोखिममा रहेको भन्दै त्यसबाट सुरक्षित रहने तरिकाबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

### ५.१६ जिल्ला प्र.शा.का.गोरखाको राष्ट्रिय वाणिज्य बैंकको एक्सटेन्सन काउन्टर उद्धाटन सम्पन्न

मिति २०७६।१०।१० गते विहान राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५५ औ बार्षिकोत्सवको अवसरमा जिल्ला प्रशासन कार्यालय गोरखाको कार्यालयभित्र संचालित राष्ट्रिय वाणिज्य बैंक गोरखा शाखाको एक्सटेन्सन काउण्टर तथा जिल्ला प्रहरी कार्यालय गोरखाको परिसर भित्र रहेको ए. टि. एम. काउण्टरको एक उद्घघाटन समारोहको विच प्रमुख जिल्ला अधिकारी श्री देवेन्द्र लामिछाने ज्यूबाट उद्धाटन सम्पन्न भएको छ। उक्त कार्यक्रमको अध्यक्षता राष्ट्रिय वाणिज्य बैंक गोरखा शाखाका प्रवन्धक श्री कपिल कार्कीले गर्नुभएको थियो भने प्रमुख अतिथिको आतिथ्यता प्रमुख जिल्ला अधिकारी देवेन्द्र लामिछानेले गर्नुभएको थियो । उक्त कार्यक्रममा प्रमुख जिल्ला अधिकारीले आफ्नो भनाई राख्ने क्रममा राष्ट्रिय वाणिज्य बैंकको समग्र देशको बित्तीय तथा बैंकिङ क्षेत्रमा महत्वपूर्ण योगदान रहेको र जिल्ला प्रशासन कार्यालयमा एक्टेन्सन काउण्टर संचालन हुदाँ सेवाग्राहीलाई राजस्व जम्मा गर्नको लागि निकै सहजता मिलेको समेत बताउनुभएको थियो।

### ५.१७ विपद् व्यवस्थापन समितिको बैठक सम्पन्न

विपद् व्यवस्थापन समितिको अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री सुरेन्द्र पौडेलको अध्यक्षतामा मिति २०७६।११।२७ गते जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सम्पन्न भएको छ। विश्वव्यापी कोरोना भाइरसको संक्रमण बढिरहेको सन्दर्भमा कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा व्यवस्थापनमा साझा धारणा बनाएर अगाडी बढ्ने उद्धेश्यका साथ उक्त बैठक आयोजना गरिएको थियो । उक्त बैठकमा जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय तहका प्रमुख एवं उपप्रमुख,सुरक्षा निकायका प्रमुखहरु, कार्यालय प्रमुख, रेडक्रस सोसाइटीको प्रमुख एवं प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो । कोरोना भाइरस जोखिम न्यूनिकरण तथा नियन्त्रण गर्न विभिन्न सचेतनामूलक कार्यक्रम सम्पन्न गर्ने, अस्पतालमा EMT गठन गर्ने, आइशोलेशन वार्ड, क्वारेन्टाइन निर्माण लगायत विषयमा महत्वपूर्ण निर्णय गरी उक्त बैठक सम्पन्न भएको थियो।

### ५.१८ कोरोना भाइरस रोकथामको लागि सर्वपक्षिय समन्वय बैठक सम्पन्न

मिति २०७७।०१।१४ गते आइतबारको दिन जिल्लामा कोरोना भाइरस कोभिड- १९ रोकथाम, नियन्त्रण र व्यवस्थापनको लागि जिल्लामा क्रियाशिल राजनीतिक दल, स्थानीय तहका प्रमुख लगायत सरोकारवालाहरुको उपस्थितिमा सर्वपक्षिय समन्वय बैठक सम्पन्न भएको छ। उक्त बैठकको अध्यक्षता श्रीमान् प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले गर्नुभएको थियो। उक्त बैठकबाट VTM तथा RDT TEST KITS को आपूर्तिको लागि प्रदेश सरकार तथा सघीय सरकारमा अनुरोध गर्ने, न्यून आय भएका व्यक्तिहरुको पहिचान गरी राहत वितरण गर्ने, कृषि विउविजनको सहज आपूर्तिको व्यस्थापन गर्ने, विकास निर्माणका कार्यहरु संचालन गर्ने जस्ता विविध विषयमा महत्वपूर्ण निर्णयहरु भएको थियो।

### ५.१९ कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि सर्वपक्षिय समन्वय वैठक तथा CCMC - 0ps को संयुक्त बैठक सम्पन्न:

मिति २०७७।०२।०८ गते विहिवारकव दिन जिल्लामा कोरोना भाइरस कोभिड-१९ रोकथाम, नियन्त्रण र व्यवस्थापनको लागि स्थानीय तहका प्रमुख, राजनीतिक दलका प्रतिनिधि लगायतको उपस्थितिमा सर्वपक्षिय समन्वय बैठक तथा CCMC-OPS को संयुक्त बैठक सम्पन्न भएको छ । उक्त बैठकले जिल्लाका प्रमुख पाँच नाकाहरुमा रहेको Mass Quarantine लाई थप व्यवस्थित बनाउने, सवारी पास व्यवस्थापनलाई थप प्रभावकारी बनाउने,मनकामना स्कुलमा निर्मित क्वारेन्टाइन लगायतको व्यवस्थापनको लागि नेपाली सेना खटाउने, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड र पाठ्यक्रम विकास केन्द्रबाट अनुमति पुस्तक पसललाई पुस्तक ढुवानी गर्न सवारी पास जारी गर्ने जस्ता महत्वपूर्ण निर्णयहरु गरेको थियो।

### ५.२० कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि CCMC-OPS सहितको सर्वपक्षिय समन्वय बैठक सम्पन्न:

मिति २०७७।०२।२६ गते जिल्लामा कोरोना भाइरस संक्रमितको संख्या दिन प्रतिदिन बढ्दै गइरहेको सन्दर्भमा कोरोना भाइरसको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि श्रीमान् प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा , स्थानीय तहका प्रमुखहरु तथा राजनीतिक दलका प्रतिनिधिहरु लगायतको उपस्थितिमा CCMC-OPS सहितको

सर्वपक्षिय समन्वय बैठक सम्पन्न भएको छ। उक्त बैठकबाट पछिल्लो समयमा जिल्लामा कोरोना भाइरसको विरामी बढेको सन्दर्भलाई मध्येनजर गर्दै जिल्ला सदरमुकाममा १०० बेड क्षमताको क्वारेन्टाइन सहितको आइशोलेशन निर्माण गर्ने, जिल्लाका अन्य चार स्थानीय तहमा १० बेड क्षमताको आइशोलेसन निर्माण गर्ने, क्वारेन्टाइन सहितको आइशोलेसन व्यवस्थान तथा कोष संचालनको लागि जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा क्वारेन्टाइन सहितको आइशोलेशन तथा कोष संचालन व्यवस्थापन समितिको गठन गर्ने, प्रत्येक गाउँपालिकाले ५ लाखको दरले कोषमा रकम उपलब्ध गराउने, उक्त कोषको संचालन कोष तथा लेखा नियन्त्रक कार्यालयले तोकेको लेखाको कर्मचारी र उक्त समितिको सदस्य सचिवको संयुक्त दस्तखतबाट खाता संचालन गर्ने। PCR परिक्षणको दरलाई तिब्रता दिन VTM लगायतको सामग्रीको सहज उपलब्धताको लागि नेपाल सरकार तथा प्रदेश सरकारलाई अनुरोध गर्ने जस्ता महत्वपूर्ण निर्णयहरु भएको थियो।

### ५.२१ जि. प्रशा.का. गोरखामा राष्ट्रिय परिचयपत्र कार्यक्रम संचालनको लागि स्थायी स्टेशन स्थापना:

नेपाल सरकार मन्त्रिपरिषद् २०७५।११।०३ गतेको निर्णयानुसार राष्ट्रिय परिचयपत्र कार्यक्रम सवै जिल्लामा विस्तार गर्न स्वीकृति प्राप्त भए बमोजिम यस जिल्लामा मिति २०७७।०३।२९ गते जिल्ला प्रशासन कार्यालयको भवन भित्र केन्द्रिय राष्ट्रिय परिचय पत्र व्यवस्थापन सूचना प्रणालीसंग नेटवर्क स्थापनाको लागि स्थायी स्टेशसन स्थापना कार्य सम्पन्न भएको छ। स्थापनासंगै गोरखा जिल्लाबाट राष्ट्रिय परिचयपत्र जारी गर्नको लागि विवरण लिने कार्य सुरु भएको छ।

### ५.२२ कोरोना भाइरस रोकथाम नियन्त्रण तथा व्यवस्थापनको लागि भए गरेका कार्यहरु:

**कोरोना भाइरस कोभिड-१९ रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि जिल्लामा गठित संरचना( कमाण्ड पोष्ट, CCMC-OPS, क्वारेन्टाइन सहितको आइशोलेशन तथा कोष व्यवस्थापन समिति) बाट भएका प्रमुख काम कारवाहीको विवरण।**

- ❖ मिति २०७६।११।२२ गते जिल्ला प्रशासन कार्यालयबाट कोभिड- १९ सम्बन्धित जनचेतनामूलक सूचना प्रकाशन मार्फत सवै पक्षहरुलाई सूसुचित गराइएको।
- ❖ मिति २०७६।११।२९ गते जिल्ला विपद् व्यवस्थापन समितिको बैठक आयोजना गरी कोराना भाइरसको जोखिम न्यूनीकरणको लागि साझा धारण बनाई अगाडि बढ्ने निर्णय गरिएको।
- ❖ जिल्लामा मनकामना मन्दिर, कालिका मन्दिरमा हुनसक्ने भिडभाड रोक्न दैनिक हुने नित्य पुजा बाहेक सम्पूर्ण पुजाहरु बन्द गरिएको।
- ❖ स्वास्थ्य कार्यालयको आयोजनामा बहुनिकाय महामारी रोकथाम समन्वय बैठक मार्फत सरोकारवाला तथा स्थानीय तहका स्वास्थ्य संयोजकहरुलाई COVID-19 सम्बन्धी अभिमूखीकरण गरिएको।
- ❖ जिल्लाको उत्तरी क्षेत्रमा रहेको सिमा नाकाहरु फाल्गूणको अन्तिम साता देखि नै बन्द गरिएको।
- ❖ Covid-19 को रोकथाम, नियन्त्रण तथा सजगता अपनाउन जिल्लास्थित सवै सरकारी तथा गैरसरकारी निकायहरुको संलग्नतामा सचेतनामूलक तथा संदेशमूलक कार्यक्रम संचालन भईरहेको।

❖ स्थानीय तहहरुमा कार्यरत स्वास्थ्य कर्मचारीहरुलाई कोरोना भाइरस सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिएको ।

❖ स्थानीय तहका प्रमुख लगायत राजनीतिक दलको प्रमुख एवं प्रतिनिधिको उपस्थितिमा ४ वटा राजनितिक दलसहित सर्वपक्षिय समन्वय बैठक, ४ वटा स्थानीय प्रमुखहरु सहितको समन्वय बैठक सम्पन्न, आपूर्ति व्यवस्थापन बैठक, रासयनीक मल व्यवस्थापन-२ स्थानीय तह, स्वास्थ्य कार्यालय, अस्पताल लगायत सरोकारवाला सवैसंग निरन्तर समन्वय तथा सहकार्य गरिएको ।

❖ भारत लगायत देशका अन्य जिल्लाबाट जिल्ला प्रवेश गर्ने नागरिकहरुलाई जिल्ला प्रवेश गर्ने नाकामा नै होल्डिङ क्वारेन्टाइन निर्माण गरी क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाइएको । सो सुरक्षा लगायत अन्य व्यवस्थापनको लागि सुरक्षा कर्मी परिचालन गरिएको ।

❖ **कोरोना संक्रमित विरामीको उपचारको लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको लागत सहभागितामा गोरखा सदरमुकाममा ७४ बेड क्षमताको क्वारेन्टाइन सहितको आइशोलेशन निर्माण गरिएको । सो आइशोलेशन व्यवस्थापन लगायतका कार्य गर्नको लागि जिल्ला समन्वय समितिको प्रमुखको अध्यक्षतामा आइशोलेशन तथा कोष व्यवस्थापन समिति गठन गरी कार्य भइरहेको ।**

❖ स्थानीय तहहरुमा कोरोना भाइरसको संक्रमण रोकथामका लागि दैनिक भए गरेका गतिविधिहरुको एकिकृत विवरण तयारको लागि प्रत्येक स्थानीय तहमा Focal Person व्यवस्था गर्न लगाई सूचना आदानप्रदान गर्ने गरिएको ।

❖ नेपाल सरकारबाट मिति २०७६।१२।११ गतेदेखि घोषित लकडाउनको कडाईका साथ कार्यान्वयन गरिएको ।

❖ बजारमा खाद्यन्न लगायत स्वास्थ्य सामग्रीको कालोबजारी तथा कृत्रिम अभाव हुन नदिन स्थानीय तहसंगको समन्वयमा बजार अनुगमन भईरहेको । साथै प्रदेश मन्त्रिपरिषद्दारा गठित आपूर्ति समितिको बैठकको निर्देशनअनुसार कार्य भईरहेको ।

❖ जिल्लाभित्र प्रवेश गर्ने नाकाहरुमा स्थानीय तहहरुसंगको समन्वयमा Health Desk स्थापना गरी प्रवेश गर्ने व्यक्तिहरुको Thermal Gun मार्फत ज्वरो चेकजाचँ गर्ने गरिएको । गोरखा प्रवेश गर्ने मुख्य नाका मझुवा देउरालीमा सेनाको स्वास्थ्य टोलिसहितको हेल्थ डेक्स राखिएको

❖ गोरखा क्याम्पसमा निर्माण गरिएको क्वारेन्टाइन सहितको आइशोलेशन व्यवस्थापनको लागि प्रत्येक पालिकाबाट रु. ५०००००।०० उपलब्ध गराउने गरी कोष स्थापना गरिएको । सो कोषको खर्च लेखन कोष तथा लेखा नियन्त्रक कार्यालय गोरखाबाट तोकिएको लेखाको कर्मचारी र जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारीको संयुक्त दस्तखतबाट संचालन गर्ने व्यवस्था मिलाइएको ।

- ❖ गोरखा अस्पतालमा संभावित कोरोना संक्रमित विरामीको उपचारको लागि आवश्यकतानुसार परिचालन गर्ने गरी (Emergency Medical Team) गठन गरि कार्य भईरहेको । अस्पतालको Fever Clinic मा ज्वरो देखिएर आएका नागरिकहरुको PCR परिक्षण गरिने गरिएको । सवै सुरक्षा निकायमा QRT को व्यवस्था गरिएको ।
- ❖ संकलित स्वाव परिक्षणको लागि ल्यावसम्म पुर्याउन जिल्ला स्थित सरकारी कार्यालयहरुसंगको समन्वयमा सोहि दिन ल्यावसम्म पुर्याउने व्यवस्था मिलाइएको र संकास्पद विरामीलाई उपचारको लागि हस्पिटलसम्म लिएर आउन २४ सै घण्टा सुविधासम्पन्न एम्वुलेन्सको व्यवस्था गरिएको ।२ वटा सरकारी गाडी भै- परी आउने प्रयोजनको लागि सुरक्षा निकायमा 24 से घण्टा Stand by राखिएको ।
- ❖ जिल्ला भित्र निर्माण भएका सम्पूर्ण आइशोलेशन तथा क्वारेन्टाइन स्थलहरुको निरन्तर अनुगमन गर्ने गरिएको र व्यवस्थापनमा केही कमजोरीहरु भेटिएमा सुधारको लागि सुझाव तथा पृष्ठपोषण दिने गरिएको ।
- ❖ भिमसेनथापा गाउँपालिकामा समुदायस्तरमा देखिएको कोरोना रोकथामको लागि **बन्दाबन्दीलाई व्यवस्थित गर्ने सम्बन्धी सुरक्षा मापदण्ड,२०७७** बमोजिम चारकिल्ला तोकी कोरोना संक्रमित क्षेत्र सिल्ड गरी संक्रामक क्षेत्र( Containment Zone) घोषणा गरी उक्त क्षेत्रमा कन्ट्याक्ट ट्रेसिङलाई प्राथमिकता दिई संभावित व्यक्तिहरुको समयमा नै स्वाव संकलन गरी कोरोना परीक्षण सम्पन्न गरिएको । हाल उक्त क्षेत्रमा कोरोना संक्रमित केश नरहेको ।
- ❖ जिल्लामा हालसम्म १०१ जना कोरोना भाइरस कोभिड -१९ को विरामी भेटिएकोमा उपचार पश्चात निको भई आइशोलेशनबाट ८५ जना फिर्ता भईसकेका र हाल १५ जना कोरोना संक्रमितको उपचार कार्य भइरहेको ।
- ❖ कोरोना भाइरसको उच्च जोखिम न्यूनिकरणको लागि सिमित श्रोत साधनको बाबजुद स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारसंग प्रभावकारी समन्वय गरी कार्य भइरहेको ।

**उत्तम अभ्यास**


- ❖ कोरोना संक्रमित विरामीको उपचारको लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको लागत सहभागितामा गोरखा सदरमुकाममा ७४ बेड क्षमताको क्वारेन्टाइन सहितको आइशोलेशन निर्माण गरिएको । सो आइशोलेशन व्यवस्थापन लगायतका कार्य गर्नको लागि जिल्ला समन्वय समितिको प्रमुखको अध्यक्षतामा आइशोलेशन तथा कोष व्यवस्थापन समिति गठन गरी कार्य भइरहेको ।
- ❖ **कोरोना भाइरसको विस्तृत विवरण:**


| सि.नं. | अत्यावश्यक स्वास्थ्य उपकरणको प्राप्तिको अवस्था | जिल्ला भरी क्वारेन्टाइन को क्षमता | Mass Quar | Isolation को अवस्था | Isolation मा रहेको विरामी संख्या | विदेशबाट जिल्ला फर्कनेको संख्या | स्वाव परिक्षण | नतिजा | नतिजा | RDT परिक्षण |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | PPE | Gun Thermometer | N 95 Mask | संख्या | बेड संख्या | antine मा बसेको व्यक्तिको संख्या | संख्या | बेड संख्या | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा संख्या | गर्नेको संख्या जम्मा संख्या | Positive | Negative | मृत्यु | निको भएका | | जम्मा परिक्षण | Negative | Positive |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ११८४ | २०१ | २०३३ | ८४ | १०३० | २४१ | ६ | १३० | ४ | ११ | १५ | १४४ | १२२२ | १३६६ | २२३२ | १०१ | १५९१ | १ | ८५ | ५४० | १३४६ | १३३७ | ९ |


५.२३ सार्वजनिक सरोकारका सम्बन्धमा प्रकाशित सूचनाहरु

जिल्ला प्रशासन कार्यालयद्धारा समय समयमा विविध सार्वजनिक सरोकारका विषयहरुमा सूचना प्रकाशित गर्दै आएको छ। कार्यालयद्धारा प्रतिवेदन अवधिमा प्रकाशित गरेका केही सूचनाहरु देहाय बमोजिम रहेका छन्।


गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

आत्यन्त जरुरी सूचना।




जिल्ला प्रशासन कार्यालय
गोरखा

अत्यन्त जरुरी सार्वजनिक सूचना ।

प्रस्तुत विषयमा कोरोना भाइरस (कोभिड १९) को सम्भावित संक्रमणको जोखिम न्यूनिकरणको लागि नेपाल सरकारले घोषणा गरेको लक डाउनको अवधिभर जिल्लामा खाद्यान्न, स्वास्थ्य सामग्री ढुवानी गर्नका लागि ... सवारी पास ... मिति २०७६/१२/३० ... लकडाउन अवधिभर ... dao.gorkha@gmail.com मा पत्राचार गर्नु हुन समेत अनुरोध छ ।

हर्क बहादुर रोका
प्रशासकीय अधिकृत

बोधार्थ
श्री गृह मन्त्रालय,
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा,
सिंहदरबार, काठमाडौं ।
श्री जिल्ला प्रशासन कार्यालय सबै ।
श्री जिल्ला प्रहरी कार्यालय गोरखा ।



जिल्ला प्रशासन कार्यालय
गोरखा

सवारी पास सम्बन्धी सार्वजनिक सूचना ॥


प्रस्तुत विषयमा जारी लक डाउनको अवधिमा खाद्यान्न, औषधि, तरकारी ढुवानी लगायत अत्यावश्यक प्रयोजनको लागि यस कार्यालयबाट सवारी पास उपलब्ध गराउँदै आएकोमा अत्यावश्यक सेवा सञ्चालनमा प्रयोग हुने सवारी साधनको लागि जारी हुने सवारी साधन अनुमतिपत्र सम्बन्धी कार्यविधि, २०७६ को दफा ५ बमोजिम तपसिलमा उल्लेखित सवारी साधन तथा व्यक्तिहरूलाई सवारी साधन अनुमति प्रदान आवश्यक नपर्ने व्यवस्था भएको हुँदा उल्लेखित प्रयोजनको लागि यस कार्यालयबाट सवारी सञ्चालन अनुमति पत्र प्रदान नगरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

तपसिल:

- औषधि उपकरण, उपचारका सामग्रीको ढुवानीमा प्रयोग हुने सवारी साधन
- खाद्यान्न, तरकारी, पानी, दुध, फलफुल, पशुपन्छि र माछाको दाना, कुखुराको चल्ला, मासु, माछाको ढुवानीमा प्रयोग हुने सवारी साधन

माथि उल्लेखित सामाग्रीहरूको ढुवानीको लागि प्रयोग हुने सवारी साधनको चालकहरूले अनिवार्य रूपमा सम्बन्धित स्थानीय तह/उद्योग वाणिज्य संघ गोरखा/गोरखा चेम्बर अफ कमर्सको सिफारिस, ब्लुबुक, सवारी चालक अनुमति पत्र, सम्बन्धित फर्म/कम्पनीको दर्ता सम्बन्धी कागजातहरू साथमा राख्नु पर्नेछ । साथै सवारी साधनको अगाडि प्रयोजन खुल्ने ब्यानर राख्नु पर्ने तथा सवार गर्दा सवारी चालक सहित बढीमा २ जना मात्र सवार भएको हुनुपर्ने छ । यदि यस सूचना विपरीतका कुनै क्रियाकलाप गरेको तथा तोकिएका कागजातहरू साथमा नराखेको पाइएमा कानून बमोजिम कारवाही गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध ।

हर्क बहादुर रोका
प्रशासकीय अधिकृत



गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय


मेला, महोत्सव, तथा सार्वजनिक कार्यक्रम नगर्ने नगराउने सम्बन्धी
जनहितमा जारी अत्यन्त जरुरी सूचना

नेपालको छिमेकी राष्ट्र चीनको वुहान प्रान्तबाट शुरुवात भएको नोभेल कोरोना भाइरस (कोभिड-१९)को संक्रमण हालसम्म विश्वका ... देशमा फैलिसकेको छ, विश्व स्वास्थ्य संगठन (WHO) को ... सबै जिल्लावासीहरूमा अनुरोध छ ।

कोरोना भाइरसको संक्रमणलाई दृष्टिगत गरी संक्रमण रोकथाम तथा जोखिम न्यूनीकरणको लागि यस जिल्लामा सजगता अपनाउन भीडभाड तथा व्यापक जनसमुदायको उपस्थिति हुने गरी सार्वजनिक स्थानमा मेला, जात्रा, सभा, सम्मेलन, खेलकुद, पर्व लगायतका कुनै पनि कार्यक्रम नगर्न र संचालन नगर्नु र नगराउनु हुन साथै त्यस्ता कार्यक्रमहरूमा सहभागी नहुनुहुन सरोकारवाला सबैमा हार्दिक अनुरोध छ ।

हर्क बहादुर रोका
प्रशासकीय अधिकृत

URL: daogorkha.moha.gov.np. Email: dao.gorkha@gmail.com. URL: moha.gov.np.




जिल्ला प्रशासन कार्यालय
गोरखा

सेवा प्रवाह बन्द गरिएको सम्बन्धी
अत्यन्त जरुरी सूचना

नोभेल कोरोना भाइरस (कोभिड १९) को संक्रमणलाई मध्यनजर गरी नेपाल सरकारको निर्देशानुसार यहि २०७६/१२/०५ गते देखि मिति २०७६/१२/२१ गते सम्म यस कार्यालयबाट हुँदै आएको दैनिक सेवा प्रवाह (नागरिकता, राहदानी, विभिन्न सिफारिस, संघसंस्था दर्ता/नविकरण, हातहतियार दर्ता/नविकरण आदि) सम्बन्धी कार्य/सेवा बन्द हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(हर्क बहादुर रोका)
प्रशासकीय अधिकृत



जिल्ला प्रशासन कार्यालय

गोरखा

Email: dao.gorkha@gmail.com

अत्यन्त जरुरी सार्वजनिक सूचना ।

... dao.gorkha@gmail.com ...

हर्क बहादुर रोका

प्रमुख जिल्ला अधिकारी

बोधार्थ:


श्री गृह मन्त्रालय,

शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा,

सिंहदरबार, काठमाडौं ।

श्री जिल्ला प्रशासन कार्यालय सबै ।

श्री जिल्ला प्रहरी कार्यालय गोरखा ।



गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

अत्यन्त जरुरी सूचना ।

कोरोना भाइरस ( Covid -19) संक्रमणको जोखिम न्यूनीकरणको लागि नेपाल सरकारद्वारा मिति २०७६।१२।११ गतेदेखि २०७६।१२।१८ गतेसम्म गरिएको लकडाउनको समयमा अलपत्र परेका जिल्लाभित्र संचालित विकास निर्माणका आयोजनाहरूमा कार्यरत मजदुरहरूलाई उद्धार गरी निजहरूको स्थायी ठेगानासम्म पुर्याउने व्यवस्था गर्ने भनि नेपाल सरकारबाट निर्णय भएकोले सो को कार्यान्वयनका लागि आफ्नो फर्म मातहत रहेका निर्माण काम गरी हाल अलपत्र परेका मजदुर,कामदारहरूको तपशिल बमोजिमको ढाँचामा विवरण तयार गरी निजहरूलाई घर सम्म पुर्याउनको लागि आवश्यक सवारी साधन समेत सम्बन्धित निर्माण व्यवसायीले नै व्यवस्था गरी निवेदनको साथमा सवारी साधनको नं., सवारी चालकको नाम, बिलबुक, लाइसन्स, कामदारहरूको विवरण सहितको कागजात सवारी पासको लागि जिल्ला प्रशासन कार्यालयको इमेल ठेगाना dao.gorkha@gmail.com मा पठाउनुहुन सम्बन्धित सबैमा यो सूचना जारी गरिएको छ । साथै सवारी पास इमेल मार्फत नै उपलब्ध गराइने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।


तपशिल

..................... फर्म अन्तर्गत कार्यरत कामदारको विवरण

| क्र.सं. | कामदारको नाम, थर | ठेगाना | | | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./न.पा | वडा नं. | | |
| | | | | | | |

हर्क बहादुर रोका

प्रमुख जिल्ला अधिकारी




नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

अत्यावश्यक सेवाबाहेकका सेवाहरु बन्द गर्ने सम्बन्धी सूचना ।




नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

जिल्ला प्रशासन कार्यालयको अत्यन्त जरुरी सूचना ।



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा


पत्रसंख्या:०७६/७७
चलानी नम्बर:
मिति: २०७७।०२।३०

ङ. पैदल आवागमन,
च. साइकल,
छ. जिल्लाभित्र मात्र जोर विजोर प्रणालीमा संचालन हुने मोटरसाइकल( चालक मात्र रहने गरी) र निजी सवारी साधन ( चालकबाहेक थप २ जनासम्म मात्र सवार हुने),
ज. फोहोरमैला व्यवस्थापन,
झ. विद्युत, दमकल, एम्बुलेन्स, संचार तथा प्रसारण, हुलाकसम्बन्धी सेवा,
ञ. बैंक तथा वित्तीय संस्था, सहकारी र विमा सेवा,
ट. नर्सरी र वनजन्य उद्यम,
ठ. विकास आयोजना ( निजी क्षेत्रबाट प्रवर्द्धितसमेत),
ड. निर्माण कार्य( निजीसमेत),
ढ. नदि तथा खानीजन्य पदार्थ उत्खनन्, संकलन, ढुवानी र विक्रीवितरण,
ण. रेष्टुरेण्टबाट हुने प्याकिङ तथा टेकअवे सेवा,
त. क्वारेन्टीनका लागि तोकिएका होटल र यातायातका साधन,
थ. सरकारी कार्यालय, शिक्षण संस्थाका कार्यालय, गैरसरकारी तथा निजी क्षेत्रका कार्यालय र बैंक तथा वित्तीय संस्थाहरु( विहान ८ बजेदेखि दिउँसो १ बजेसम्म र दिउँसो १ बजेदेखि साझँ ६ बजेसम्म दुई सिफ्टमा संचालन गर्ने),
द. सार्वजनिक तथा जोर विजोर प्रणालीमा संचालन हुने गरी निजी सेवाप्रदायक कार्यालयका श्रमिक तथा कर्मचारी ओसारपसार गर्न प्रयोग गरिने सवारी साधन( सीटको एक लहरमा एक जना यात्रु मात्रै राख्ने, सबै यात्रुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, स्यानिटाइजरको व्यवस्था गर्ने, सवारी साधनलाई दैनिक निसंक्रमित गर्ने)

यस सूचनाको क्रमसंख्या २ को खण्ड (ञ),(थ) र (द) बमोजिमको व्यवस्था २०७७ असार १ गतेदेखि र अन्य व्यवस्था तत्काल प्रारम्भ भई २१ दिनसम्म रहनेछ । परिस्थितिको समिक्षा एवं संक्रमणको जोखिम विश्लेषणका आधारमा उल्लेखित व्यवस्थामा आवश्यक हेरफेर एवं थपघट गर्न सकिनेछ । साथै जिल्लाभित्र मात्र जोर विजोर प्रणालीमा संचालन हुने मोटरसाइकल तथा निजी सवारी साधनको हकमा जोर दिनमा जोर नम्बरको सवारी साधन र विजोर दिनमा विजोर नम्बरको सवारी साधन चलाउनुहुन समेत सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

हर्क बहादुर रोका
प्रशासकीय अधिकृत

URL: daogorkha.moha.gov.np, Email: dao.gorkha@gmail.com, URL: moha.gov.np,
फोन नं.:- ०६४-४२०१३३, ०६४-४२१४१६, फ्याक्स नं.:- ०६४-४२०१८९



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

पत्रसंख्या:०७६/७७
चलानी नम्बर:
मिति: २०७७।०२।३०

जिल्ला प्रशासन कार्यालय गोरखाको अत्यन्त जरुरी सूचना ।

नेपाल सरकार( मन्त्रिपरिषद्) को मिति २०७७।०२।२८ गतेको निर्णय एवं गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको चलानी नम्बर ४१५२, मिति २०७७।०२।२९ गतेको परिपत्र अनुसार विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड -१९ को संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापन सन्दर्भमा संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम गोरखा जिल्लामा देहाय अनुसार गर्न गराउन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. देहाय बमोजिमका सेवा र कार्यहरु हाललाई संचालन नगर्ने:
क. शैक्षिक संस्थाहरु( विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र),
ख. अनुमति प्राप्त बाहेकका आन्तरिक उडानहरु,
ग. तोकिए बाहेकका अन्तराष्ट्रिय सीमा नाकाबाट हुने आवातजावत,
घ. सबै प्रकारका सभा, गोष्ठि, तालिम, सेमिनार,
ङ. सबै प्रकारका प्रर्दशन, भेला तथा सम्मेलन,
च. सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायतका मनोरन्जन स्थल,
छ. सार्वजनिक पुस्तकालय, संग्रहालय, चिडियाखाना,
ज. स्पा, सैलुन तथा ब्युटी पार्लर,
झ. स्विमिङ पुल, जिमखाना लगायत हेल्थ क्लब,
ञ. सपिङ मल,
ट. समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुती,
ठ. सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल,
ड. यात्रुबाहक सार्वजनिक सवारी साधन( पर्यटक सवारी साधनसमेत),
ढ. जिल्लाभित्र मात्र जोर विजोर प्रणालीमा संचालन हुने मोटरसाइकल र निजी सवारी साधन बाहेक अन्य निजी सवारी साधन,

२. दुई मिटरको सामाजिक दुरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटकपटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने लगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गरी देहाय बमोजिमका सेवा र कार्यहरु संचालन गर्ने ।
क. स्वास्थ्यसंग सम्बन्धित सबै सेवाहरु( निजी क्लिनिक समेत)
ख. सबै प्रकारका कृषि र पशुपन्छी व्यवसाय( उत्पादनदेखि विक्री वितरणसम्म सबै श्रृङ्खला),
ग. उद्योग, व्यापार, व्यवसाय, पसल, डिपार्टमेन्ट स्टोर,
घ. सबै प्रकारको ढुवानी,

URL: daogorkha.moha.gov.np, Email: dao.gorkha@gmail.com, URL: moha.gov.np,
फोन नं.:- ०६४-४२०१३३, ०६४-४२१४१६, फ्याक्स नं.:- ०६४-४२०१८९

## ६ सूचना अधिकारी र प्रमुखको नाम र पद

६.१ कार्यालय प्रमुखः

नामः सुरेन्द्र पौडेल

पदः प्रमुख जिल्ला अधिकारी , सम्पर्क नंम्बर: ९८५६०५७७७७

### ६.२ गुनासो सुन्ने अधिकारी

नाम: देवी पाण्डे खत्री

पद: सहायक प्रमुख जिल्ला अधिकारी, सम्पर्क नंम्बर: ९८५६०५७७७८

६.३ सूचना अधिकारीः

नाम: हर्क बहादुर रोका

पद: प्रशासकीय अधिकृत, सम्पर्क नम्बर: ९८५६०५७७८०

७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि

जिल्ला प्रशासन कार्यालय, गोरखाले आफूलाई तोकेका काम, कर्तव्य एवं अधिकारहरुको प्रयोगका क्रममा प्रयोग गर्ने प्रतिनिधिमूलक ऐन, नियम, विनियम वा निर्देशिकाहरुको सूचि निम्नानुसारका रहेका छन।

- स्थानीय प्रशासन ऐन, २०२८
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- हातहतियार खरखजना ऐन, २०१९
- हातहतियार खरखजाना नियमावली, २०२८
- नेपाल नागरिकता ऐन, २०६३
- नेपाल नागरिकता नियमावली, २०६३
- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- विपद् पीडित पुनर्वास सञ्चालन कार्यविधि, २०७१
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७
- विपद् पश्चातको शव व्यवस्थापन सम्वन्धी मार्गदर्शन, २०६८
- कालोवजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२
- खाद्य ऐन, २०२३
- खाद्य नियमावली, २०२७
- उपभोक्ता संरक्षण ऐन, २०७५
- वस्तुको प्रत्यक्ष विक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४
- अचल सम्पति अधिग्रहण ऐन, २०१३
- जग्गा प्राप्ती ऐन, २०३४
- सरकारी जग्गाको भोगाधिकार गराउने सम्वन्धी कार्यनीति, २०६२
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९
- भ्रष्टाचार निवारण ऐन, २०५९
- छापाखाना तथा प्रकाशन ऐन, २०४८
- छापाखाना र प्रकाशन सम्वन्धी नियमावली, २०४९

- राहदानी ऐन, २०२४
- राहदानी नियमावली, २०६७
- संस्था दर्ता ऐन, २०३४
- संस्था दर्ता नियमावली, २०५४
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
- सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४
- वढुवा समितिको (कार्य व्यवस्थापन) कार्यविधि, २०७३
- गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०६९
- गृह प्रशासन सुधार कार्ययोजना, २०७४
- मुलुकी अपराध (संहिता) ऐन २०७४
- मुलुकी देवानी कार्यविधि (संहिता)ऐन २०७४
- मुलुकी देवानी (संहिता)ऐन २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता २०७४

८. कार्यालयको वेभसाइट daogorkha.moha.gov.np

९. कार्यालयको सूचना प्रकाशन हुने अन्य स्थान

कार्यालयको वेभसाईट
फेसवुकः जिल्ला प्रशासन कार्यालय गोरखा र फेसबुक पेज- **Dao gorkha**
ट्वीटरः**Dao gorkha**

१०. अनूसुची–१ नागरिक वडापत्र

| क्र.सं. | सेवा | सेवा सुविधाहरुको विवरण | सेवा प्रदान गर्ने स्थान | कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजातहरु | लाग्ने शुल्क | लाग्ने समय | जिम्मेवार व्यक्ति/ शाखा/ फाँट | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|---|
| १ | नागरिकता सम्वन्धी | क) वंशजको नाताले नेपाली नागरिकता प्रमाणपत्र प्रदान गर्ने कार्य | नागरिकता शाखा | १ अनुसूचि १ बमोजिमको विवरण भरी सम्बन्धित गा.पा. वा न.पा. को सिफारिस<br>• बाबु, आमा वा आफ्नो वंशज तर्फ तीन पुस्ता भित्रका नातेदारको नेपाली ना.प्र.प./ आमाको मात्र ना.प्र.प. पेश भएकोमा नेपाली नागरिकसंग विवाह भएको खुल्ने प्रमाण पेश गर्नुपर्ने ।<br>• बावु वा आमाको मृत्यु भएकोमा मृत्युदर्ता प्रमाणपत्र ।<br>• जन्मस्थान वा नाता खुल्ने गरी स्थानीय तहले प्रदान गरेको जन्मदर्ता प्रमाणपत्र ।<br>२ बाबु, आमा वा आफ्नो वंशजतर्फका तीन पुस्ताभित्रका नातेदारले आफ्नो सक्कल नागरिकता पेश गरी सनाखत गर्नुपर्ने ।<br>३ ना.प्र.प. नलिदै विवाह भएको नेपाली महिलाको हकमा<br>• विवाह दर्ता प्रमाणपत्र<br>• पतिको नागरिकता प्रमाणपत्र | निवेदनमा रु १० को टिकट | प्रमाण पुरा भएकै दिन | कोठा नं . १०२ | प्र.जि.अ./स.प्र.जि.अ. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | • बाबु, आमा, दाजु वा भाई मध्ये कुनै एकको ना.प्र.प.<br>• वेजिल्ला माइत हुने महिलाको हकमा माइती जिल्लावाट ना.प्र.प.लिए/नलिएको प्रमाण<br>४प्रमाण पत्र जन्ममिति खुल्ने शैक्षिक प्रमाण पत्र वा जन्मदर्ताको, २ प्रति फोटो पेश गर्नुपर्ने<br>५बसाई सराई गरी आउनेको हकमा उल्लेखित कागजातको अतिरिक्त देहाएको कागजात संलग्न गर्नुपर्ने<br>• बसाईसराईको प्रमाणपत्र<br>• जग्गाधनी प्रमाणपत्र<br>• नागरिकताको अभिलेख भिडेको पत्र | | | | |
| | | ख)<br>कर्मचारी परिवारको नाताले ना.प्र.प.लिनुपर्दा | नागरिकता शाखा | १ अनुसूचि १ बमोजिमको ढाचामा विवरण भरी कार्यालय रहेको स्थानको न.पा./गा.पा. को सिफारिस<br>• बाबु, आमाको नेपाली नागरिकताको प्रमाणपत्र<br>• कार्यरत कार्यालयको कर्मचारी परिचयपत्रको प्रतिलिपी<br>• कर्मचारी बहाल रहेको कार्यालयको सिफारिस<br>• विवाहित महिलाको हकमा पतिको ना.प्र.प., विवाह दर्ताको प्रमाणपत्र | निवेदनमा रु १० को टिकट | प्रमाण पुरा भएकै दिन | कोठा नं. १०२ | प्र.जि.अ./स.प्र.जि.अ. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ग) पितृत्व/ मातृत्व को ठेगाना नभएको व्यक्तिले ना.प्र.प. लिनुपर्दा | नागरिकता शाखा | १ स्थानीय तहबाट सिफारिस भएको अनुसूचि १ बमोजिमको फाराम<br>२नेपाल सरकारबाट स्वीकृत प्राप्त बालबालिका संरक्षण गर्ने संघ वा अनाथालयको संरक्षणमा हुर्केको भए त्यस्तो संस्थाको सिफारिस<br>३ कुनै व्यक्ति विशेषले प्रचलित कानुन बमोजिम संरक्षकत्व प्राप्त गरी पालन पोषण गरेको भए त्यस्तो व्यक्तिवाट सवै व्यहोरा खोली सनाखत गर्नुपर्ने<br>४ पितृत्व/ मातृत्वको बारेमा थप कुरा बुझ्नु पर्ने भएमा आवश्यकता अनुसार स्थानीय तहको वा प्रहरी प्रतिवेदन लिन सकिनेछ। | निवेदनमा रु १० को टिकट | प्रमाण पुरा भएकै दिन | कोठा नं . १०२ | प्र.जि.अ./स.प्र. जि.अ. |
| | | घ) बैबाहिक अङ्गिकृत नागरिकता प्रमाणपत्र लिनु पर्दा | नागरिकता शाखा | • स्थानीय तहले विवरण भरी प्रमाणित गरी पठाएको अनुसूचि ७<br>• पतिको ना.प्र.प.को प्रतिलिपी<br>• विवाह दर्ता प्रमाणपत्र<br>• सम्वन्धित देशको नागरिकता त्याग गर्न सम्वन्धित देशको राजदुतावास र सम्वन्धित ठेगानामा पठाएको निवेदनको प्रमाणित प्रतिलिपी र सक्कल निवेदन हुलाक दाखिला गरेको सक्कल रसिद<br>• पतिको सनाखत वा पतिको मृत्यु भएमा मृत्यु दर्ता पेश गर्ने<br>• पति सँग नाता खुल्ने ३ पुस्ताभित्रका व्यक्तिको नागरिकता राखी सनाखत गर्नुपर्ने | निवेदनमा रु १० को टिकट | निवेदन पेश भएकै दिन प्रक्रिया प्रारम्भ गरिने | कोठा नं॰ १०२ | प्र.जि.अ./स.प्र. जि.अ. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ङ) अङ्गिकृत नागरिकता | नागरिकता शाखा | • स्थानीय तहको सिफारिस सहित अनुसूचि ७ वमोजिमको निवेदन<br>• नेपाली वा नेपालमा प्रचलित अन्य कुनै भाषा बोल्न र लेख्न जानेको प्रमाण<br>• नेपालमा कुनै व्यवसाय गरी बसेको प्रमाण<br>• अन्य मुलुकको नागरिकता त्यागेको वा त्याग्ने घोषणा गरेको प्रमाण<br>• कम्तीमा १५ वर्षसम्म नेपालमा बसोबास गरेको<br>• नेपाली नागरिकलाई अङ्गिकृत नागरिकता दिने कानुनी व्यवस्था वा प्रचलन भएको मुलुकको नागरिकता भएको<br>• असल चालचलन भएको<br>• मानसिक रुपले स्वस्थ भएको | निवेदनमा रु १० को टिकट | गृह मन्त्रालय वाट निर्णय भै प्राप्त भएपछि | कोठा नं . १०२ | प्र.जि.अ ./स.प्र. जि.अ. |
| | | च) ना.प्र.प.को प्रतिलिपी दिने कार्य | नागरिकता प्रतिलिपी शाखा | • अनुसूचि २ फाराममा सबै बिबरण भरी सम्वन्धित स्थानीय तहको सिफारिस<br>• पहिला पाएको ना.प्र.प.को झुत्रो प्रति वा प्रतिलिपि वा ना.प्र.प.नं. र जारी मिति अनिवार्य उल्लेख गर्नुपर्ने<br>• धेरै पुराना ना.प्र.प.का कार्यालय अभिलेख नबुझिने भएकोमा वा नभेटिएमा अनुसूची १ बमोजिमको फाराम भरी सम्बन्धित स्थानिय तहको सिफारिस सहित पिता, माता, दाजु, भाई मध्ये कुनै एकको ना.प्र.प.को प्रतिलिपी र ना.प्र.प.को प्रतिलिपी र सनाखत (नयाँ ना.प्र.प.लिए सरह) | निवेदनमा रु १६ को टिकट टाँस गर्ने | प्रक्रिया पुरा भएकै दिन | कोठा नं . १०१ | प्र.जि.अ ./स.प्र. जि.अ. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | छ) ना.प्र.प.विवरण संशोधन | नागरिकता प्रतिलिपी शाखा | • निर्धारित ढाचाको निवेदनमा विवरण सच्याउन पर्नाको कारण प्रष्ट खुल्ने गरी छुट्टै पत्र समेत राखी सम्वन्धित न.पा./गा.पा.को सिफारिस<br>• एस.एल.सी. पास गरेको शैक्षिक योग्यताको प्र.प.(मार्कसिट समेत)<br>• थर, ठेगाना वा विचको नाम संशोधन गर्नुपर्ने भएमा वावु, आमा, दाजु वा भाई मध्ये कुनै एक जना कार्यालयमा उपस्थित भई सनाखत गर्नुपर्ने जस्तैः वहादुर, प्रसाद, नाथ, लाल<br>• अन्य आवश्यक कागजात | रू १६ को टिकट | | कोठा नं. १०१ | प्र.जि.अ./स.प्र. जि.अ. |
| २ | राहदानी सम्वन्धी | क) नयाँ राहदानी प्रदान | राहदानी शाखा | • रीतपूर्वक भरिएको दरखास्त फाराम २ प्रति<br>• नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल प्रति र सोको १ प्रति प्रतिलिपी<br>• ६ महिनाभित्र खिचेको ४.५ से.मी× ३.५ से.मी.को पृष्ठभुमी सादा र हलुकारंग भएको ३ प्रति रंगीन फोटो<br>• राहदानी दस्तुर तिरेको रसिद<br>• नावालकको हकमा नावालक परिचयपत्र र निजको बाबुआमा मध्ये कुनै एक जनाको नागरिकताको प्रमाणपत्र र सो को प्रतिलिपी, संरक्षक नियुक्त भएको हकमा व्यहोरा खुल्ने लिखतको सक्कल प्रति र संरक्षकको नागरिकताको प्रमाणपत्र तथा त्यसको प्रतिलिपी<br>• पहिले नै राहदानी लिएको भए सो को सक्कल प्रति<br>• राहदानी प्राप्त गर्न स्वयं व्यक्ति रकम तिरेको भौचर, सक्कल नागरिकता प्रमाण पत्र सहित उपस्थित हुनुपर्ने | • रु ५,०००राजश्व दस्तुर तर १० वर्ष मुनिका वालवालिकाका हकमा रु २,५०० मात्र लाग्नेछ।<br>• पाना च्यातिएको, केरमेट भएको वा अन्य कारणले राहदानी मा क्षती पुर्‍याएको वा हराएको राहदानीको हकमा दोब्बर दस्तुर लाग्नेछ। | साधारण राहदानी राहदानी विभागवाट प्राप्त भएपछि वितरण हुने, द्रुत सेवाको लागि दोब्बर दस्तुर बुझाइएको १ हप्तापछि राहदानी विभाग काठमाडौवा | कोठा नं. १०४ | प्र.जि.अ./स.प्र. जि.अ. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ● पुरानो राहदानी भएमा उक्त राहदानी आवश्यक पर्नेछ ।<br>● विवाह भई आएको महिलाहरुको हकमा पतिको नागरिकताको प्रतिलिपी र विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपी<br>● कर्मचारी परिवारको हकमा कार्यरत कार्यालयको सिफारिस पत्र<br>● च्यातिएको वा भिजेको राहदानीको सम्वन्धमा सक्कल राहदानी समेत पेश गरी कारण सहितको निवेदन पेश गर्नु पर्ने<br>● बसाई सराई गरी आएको हकमा बसाई सराईको प्रमाणपत्रको प्रतिलिपी, जग्गाधनी पुर्जाको प्रतिलिपी, न.पा. क्षेत्रमा घर भए नक्सा पास (ना.प्र.प.को प्रतिलिपी बनेको कार्यालयबाट नागरिकताको अभिलेख प्रमाणित भै आएपछि मात्र राहदानी जारी हुने) | | ट लिन सकिने | | |
| ३ | नावालक परिचयपत्र | नाबालक प्र.प.पाउने कार्य (१६ वर्ष भन्दा कम उमेर) | प्रशासन शाखा | ● पासपोर्ट साइजको फोटो टास गरी स्थानीय तहको प्रमुखको सिफारिस सहित बाबु, आमाले निवेदन दिनु पर्ने<br>● बाबु, आमाको ना.प्र.प., नाता प्रमाणित र नावालकको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी<br>● शैक्षिक योग्यताको प्रमाण पत्र भए सो को प्रतिलिपी<br>● बाबु, आमा नभएको हकमा ३ पुस्ता खुल्ने प्रमाण सहितको निवेदन<br>● बाबु वा आमा भए बाबु, आमा र नभए ३ पुस्ता भित्रको नाता खुल्ने व्यक्तिले कार्यालयमा उपस्थित भई सनाखत गर्नुपर्ने | निवेदनमा रु १० को टिकट | निवेदन परेकै दिन प्रक्रिया प्रारम्भ | कोठा नं . १०५ | प्र.जि.अ./स.प्र.जि.अ. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | नाम, थर, उमेर सच्याउने | ना.प्र.प. र शैक्षिक प्र.प.मा नामथर, उमेर फरक परेकोमा क्षे.शि.नि.मा सिफारिस गरी पठाउने कार्य | नागरिकता शाखा | सम्वन्धित न.पा. वा गा.पा.को सिफारिस सहित (फोटो समेत प्रमाणित गरी) निम्न कागजात संलग्न राखि निवेदन दिनुपर्ने (सम्बन्धित निवेदक कार्यालयमा उपस्थित हुनुपर्ने)<br>• सक्कलै ना.प्र.प.र सो को प्रतिलिपी<br>• शैक्षिक योग्यता एस.एल.सी.को मार्कसिट, चारित्रिक प्रमाण पत्र, विद्यालयको फोटो सहितको सिफारिस | निवेदनमा रु १० को टिकट | निवेदन परेकै दिन प्रक्रिया प्रारम्भ गरिने | कोठा नं . १०२ | प्र.जि.अ./स.प्र. जि.अ. |
| ५ | कुनै व्यहोरा प्रमाणित सम्वन्धमा | प्रमाणित गर्ने कार्य | प्रशासन शाखा | • व्यहोरा खुलेको निवेदन<br>• न.पा./गा.पा.को सिफारिस<br>• व्यहोरा पुष्टि गर्ने प्रमाण कागज | निवेदनमा रु १० को टिकट | आवश्यक जाँचवुझ सम्पन्न भएकै दिन | कोठा नं . १०५ | प्र.जि.अ./स.प्र. जि.अ. |
| ६ | संघ संस्था सम्वन्धी | क)<br>संघ संस्था दर्ता गर्ने कार्य | मुद्दा फाँट | • तोकिएको ढाँचाको विवरण भरी कम्तीमा ७ जना सदस्य रहेको तदर्थ समितिका सदस्यको हस्ताक्षर भएको निवेदन<br>• सफासँग A4 साइजको कागजमा एकापट्टि मात्र टाइप गरी कार्य समिति सदस्यहरुको प्रत्येक पानामा तलमाथि हस्ताक्षर भएको विधान ४ प्रति<br>• समितिको सबैको ना.प्र.प. प्रतिलिपी र स्थानीय तह सहितको सिफारिस<br>• कुनै मन्त्रालय, निकायसँग सम्वन्धित संस्था भएमा सो को सिफारिस<br>• सदस्यहरुको चालचलन वुझेको प्रहरी प्रतिवेदन | निवेदनमा रु १० को टिकट, राजस्व दस्तुर रु १००० मात्र | निवेदन परेकै दिन प्रक्रिया प्रारम्भ गरिने | कोठा नं . २०२ | प्र.जि.अ./स.प्र. जि.अ. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ख) संघ संस्था नविकरण गर्ने कार्य | मुद्दा फाँट | • संस्थाको आधिकारिक निवेदन पत्र<br>• सक्कल लेखापरीक्षण प्रतिवेदन र लेखापरीक्षकको प्रमाण पत्र, सो प्र. प. नवीकरण भएको निस्सा,कार्य प्रगति विवरण, हालको कार्य समितिको सबै पदाधिकारीको नाम, निर्वाचन भएको मिति खुलाउने<br>• कर चुक्ता भएको निस्सा र सम्वन्धित स्थानीय तहको सिफारिस | निवेदनमा रु १० को टिकट, रु ५०० दस्तुर र म्याद नाघेको भए नियमानुसार थप दस्तुर | सम्पूर्ण कागज, प्रमाण पुगे निवेदन भएकै दिन | कोठा नं. २०२ | प्र.जि.अ./स.प्र. जि.अ. |
| | | ग) संस्थाको विधान संशोधन गर्ने कार्य | मुद्दा फाँट | • साधारण सभामा कूल सदस्य संख्याको दुई तिहाई वहुमतले विधान संशोधन गर्न गरेको निर्णयको प्रतिलिपी<br>• स्वीकृत सक्कल विधानको प्रतिलिपी १ प्रति<br>• तीन महले फारामको ४ प्रति प्रतिलिपी (प्रस्तावित संशोधन) | निवेदनमा रु १० को टिकट | निवेदन भएकै दिन | कोठा नं. २०२ | प्र.जि.अ./स.प्र. जि.अ. |
| | | घ) संस्थाको शाखा खाल्ने सम्वन्धी कार्य | मुद्दा फाँट | • विधानमा शाखा खोल्न सक्ने व्यवस्था भएकोमा संस्थाको कार्य समितिको निर्णय<br>• विधानको प्रतिलिपी<br>• सम्वन्धित स्थानीय तहको सिफारिस<br>• दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी | निवेदनमा रु १० को टिकट नियमावली अनुसारको थप दस्तुर | निवेदन परेकै दिन प्रक्रिया प्रारम्भ गरिने | कोठा नं २०२ | प्र.जि.अ./स.प्र. जि.अ. |
| ७ | पत्रपत्रिका र छापाखाना | क) पत्रपत्रिका दर्ता गर्ने कार्य | मुद्दा फाँट | • तोकिएको ढाँचाको निवेदन<br>• सम्पादकको शैक्षिक योग्यताको प्रमाणपत्र र सम्पादक भई काम गर्ने मन्जुरी पत्र<br>• प्रकाशक र सम्पादकको नागरिकताको प्रतिलिपी<br>• प्रकाशक संस्थाको छाप, प्रवन्ध पत्र वा संस्थाको स्वीकृती, विधान नविकरण भएको प्रमाण, कर तिरेको प्रमाण, लेखा | निवेदनमा रु १० को टिकट, दैनिक पत्रिका रु १०००, अर्धसाप्ताहिक रु ७००, साप्ताहिक रु ५००, पाक्षिक रु ३००, मासिक र | निवेदन परेकै दिन प्रक्रिया प्रारम्भ गरिने | कोठा नं. २०२ | प्र.जि.अ./स.प्र. जि.अ. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | परीक्षण प्रतिवेदन, संचालकहरुको वैठकको निर्णय समेतका कागजातहरुको प्रतिलिपी<br>• छापाखाना दर्ता भएको प्र.प.को प्रतिलिपी<br>• छापाखानाको प्रवन्ध पत्रको प्रतिलिपी<br>• छापाखानालाई जिल्ला प्रशासन कार्यालयबाट स्वीकृत दिएको प्र.प.को प्रतिलिपी<br>• छापाखानाले कर तिरेको प्र.प.कोप्रतिलिपी | अन्य पत्रिकाको लागि रु २०० | | | |
| ८ | | ख) छापाखाना संचालन गर्ने कार्य | मुद्दा शाखा | • कुनै संस्था संचालक रहेको भए संस्थाको संचालकहरुको निर्णयको प्रतिलिपी, स्वीकृत विधानको प्रतिलिपी र व्यक्तिको भए फोटो ५/५ प्रति<br>• मूल्य अभिवृद्धि कर वा आयकर सम्वन्धी प्रमाणपत्र र संस्था नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपी<br>• छापाखाना संचालन गर्ने व्यक्तिको नागरिकता प्रमाण पत्र र घरजग्गाको जग्गाधनी पुर्जाको प्रतिलिपी वा करार कागज<br>• छापाखानाको उपकरणहरु खरिद गरेको वा नामसारी भै आएको भए सो को प्रमाण<br>• छापाखाना रहने स्थानको नक्सा | निवेदनमा रु १० को टिकट र रु १००० दस्तुर | निवेदन परेकै दिन प्रक्रिया प्रारम्भ गरिने | कोठा नं. २०२ | प्र.जि.अ./स.प्र.जि.अ. |
| ९ | शरणार्थी परिचय पत्र | क) | प्रशासन शाखा | • शरणार्थी परिचय पत्र नवीकरणको लागि दरखास्त<br>• म्याद नाघी आउनेका लागि भरपर्दो र मनासिव माफिकको कारण सहित सम्वन्धित क्याम्पको सिफारिस | निवेदनमा रु १० को टिकट, म्याद नाघेको परिचय पत्र नविकरण गर्नुपर्दा ३ | निवेदन परेकै दिन | कोठा नं. १०५ | प्र.जि.अ./स.प्र.जि.अ. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | शरणार्थी परिचय पत्र नवीकरण सम्वन्धी कार्य | | • एक जिल्लावाट जारी भएको परिचय पत्र अर्को जिल्लामा नविकरण गर्नुपरेमा गृहमन्त्रालयको स्वीकृती पत्र | वर्ष सम्मको रु १०० र सो पछि रु ५०० राजस्व दस्तुर | | | |
| | | ख) शरणार्थी परिचय पत्र हराई सो को प्रतिलिपी लिनुपर्दा | प्रशासन शाखा | • सम्वन्धित व्यक्तिको निवेदन<br>• राष्ट्रिय स्तरको पत्रिकामा परिचय पत्र हराएको सूचना प्रकाशित प्रमाण<br>• हराएको दस्तखत परेको क्षेत्रको प्रहरी कार्यालयको पत्र<br>• शरणार्थी शिविरवाट फोटो समेत प्रमाणित गरेको पत्र<br>• सम्वन्धित व्यक्तिको २ प्रति फोटो | निवेदनमा रु १० को टिकट र रु १०० को दस्तुर | निवेदन परेकै दिन | कोठा नं. १०५ | प्र.जि.अ./स.प्र.जि.अ. |
| | | ग) शरणार्थीलाई यात्रा अनुमति सम्वन्धि कार्य | प्रशासन शाखा | • सम्वन्धित व्यक्तिको निवेदन<br>• भ्रमणमा जाने मुलुकवाट नातेदारले बोलाएको आमन्त्रण पत्र<br>• आमन्त्रण गर्ने व्यक्तिको परिचय खुल्ने प्रमाण<br>• आमन्त्रण गर्ने व्यक्तिको आर्थिक स्थिति खुल्ने प्रमाण<br>• नावालक वा ३५ वर्ष उमेर नपुगेको महिलाको हकमा संरक्षकले दिएको मन्जुरीनामा<br>• सम्वन्धीत शिविरको सक्कल सिफारिस पत्र<br>• आमन्त्रण गर्ने व्यक्ति र निवेदकको सम्वन्ध खुल्ने कागजपत्र<br>• अध्ययनका लागि विदेश जानेको हकमा सम्वन्धित शैक्षिक संस्थाको स्वीकृत पत्र संकलन गरी विषय र अवधी खुलेको कागज | निवेदनमा रु १० को टिकट | निवेदन परेकै दिन | कोठा नं. १०५ | प्र.जि.अ./स.प्र.जि.अ. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | • औषधोपचारको लागि चिकित्सक वा स्वास्थ्य संस्थाको सिफारिस पत्र<br>• आमन्त्रणकर्ताले व्यहोर्ने खर्चको विवरण<br>• आफ्नो खर्चमा जाने भए आफ्नो हैसियत र जानु पर्ने कारण स्पष्ट खुलाउने<br>• नोटरी पब्लिकवाट प्रमाणित भई आउनुपर्ने वा सम्वन्धित दुतावासले कागजातहरुको प्रमाणिकता पुष्टि गरेको कागजपत्र | | | | |
| १० | हात हतियार सम्वन्धी | क)<br>हातहतियार इजाजत सम्वन्धी कार्य | प्रशासन शाखा | • सम्वन्धित व्यक्तिको निवेदन<br>• ना.प्र.प.को प्रतिलिपी<br>• निरोगिताको प्रमाण पत्र<br>• कार्यालयवाट प्रहरी मार्फत चालचलन बुझिएको पत्र | १) निवेदनमा रु १० को टिकट र एक पेस्तोल, रिभल्वरवा मिनियचर राइफल सहित अन्य राइफल प्रत्येक जिल्ला भर रु २००, अधिराज्यभरको रु ३००<br>२) टोटावाला वा मिनियचर राइफल प्रत्येकको जिल्लाभर रु २०० अधिराज्यभर रु ३०० | निवेदन परेकै दिन | कोठा नं. १०५ | प्र.जि.अ./स.प्र.जि.अ. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ३ भरूवा बन्दुकको जिल्ला भर रू. १०० अधिराज्यभर रू २००<br>४ हावादारी बन्दुक प्रत्येकको जिल्लाभर रू. २०० अधिराज्यभर रू ३०० | | | |
| | | ख) हातहतियार नामसारी सम्वन्धी कार्य | प्रशासन शाखा | • सम्वन्धित लिने दिने व्यक्तिहरुको निवेदन<br>• ना.प्र.प.को प्रतिलिपी तथा हात हतियार इजाजत पत्र र लिने हुने दिने व्यक्तिका अन्य कागजात सहित कार्यालयमा उपस्थित<br>• लिने व्यक्तिको निरोगिताको प्रमाणपत्र, कार्यालयवाट प्रहरी मार्फत चालचलन वुझेको पत्र | निवेदनमा रु १० को टिकट | निवेदन परेकै दिन प्रक्रिया प्रारम्भ गरिने | कोठा नं . १०५ | प्र.जि.अ./स.प्र.जि.अ. |
| | | ग) हातहतियार नविकरण सम्वन्धी कार्य | प्रशासन शाखा | • सम्वन्धित व्यक्तिको निवेदन<br>• इजाजत पत्रको सक्कल र सो को प्रतिलिपी<br>• ना.प्र.प.को प्रतिलिपी | निवेदनमा रु १० को टिकट र एक पेस्तोल, रिभल्वर वा मिनियचर राइफल सहित अन्य राइफल प्रत्येकको जिल्ला | निवेदन परेकै दिन | कोठा नं . १०५ | प्र.जि.अ./स.प्र.जि.अ. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | भर रु ५०० नेपाल भरको रु ७५०<br>२ टोटावाला बन्दुक वा मिनियचर राइफल प्रत्येकको जिल्लाभर रू. १५० नेपाल रू. ३००<br>३भरुवा वन्दुकको जिल्ला भर रू. १०० अधिराज्यभर रू. २००<br>४हावादारी वन्दुक प्रत्येकको जिल्ला भर रु २०० अधिराज्यभर रु ३०० | | | |
| | | घ)<br>हातहतियार इजाजतको प्रतिलिपी सम्वन्धी कार्य | प्रशासन शाखा | ● सम्वन्धित व्यक्तिको नाममा रहेको हातहतियारको इजाजत पत्रको प्रतिलिपी सहित निवेदन<br>● ना.प्र.प.को प्रतिलिपी<br>● सम्बन्धित न.पा./गा.पा.को लेटरप्याडमा इजाजत पत्र वालाको फोटो टाँसी प्रमाणित भइ आएको सिफारिस पत्र | निवेदनमा रु १० को टिकट र रु ५० राजश्व | निवेदन परेकै दिन | कोठा नं . १०५ | प्र.जि.अ./स.प्र. जि.अ. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १<br>१ | शान्ति सुरक्षा सम्वन्धी | क)<br>शान्ति सुरक्षाको निवेदन सम्वन्धी कार्य | प्रशासन शाखा | • व्यहोरा स्पष्ट रुपमा खुलेको निवेदन र निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा परिचय खुल्ने कागज | निवेदनमा रु १० को टिकट | निवेदन परेकै दिन | कोठा नंं. १०५ | प्र.जि.अ./स.प्र.जि.अ. |
| | | ख)<br>गुनासो वा ठाडो उजुरी | प्रशासन शाखा | • व्यहोरा स्पष्ट रुपमा खुलेको निवेदन | निवेदनमा रु १० को टिकट | निवेदन परेकै दिन | कोठा नं. १०५ | प्र.जि.अ./स.प्र.जि.अ. |
| १<br>२ | नेपाल सिमा क्षेत्रका वसिन्दका लागि प्रस्थान प्रवेश अनुमति पत्र वितरण सम्वन्धी | क)<br>अनुमति पत्र विवरण | प्रशासन शाखा | • व्यहोरा स्पष्ट रुपमा खुलेको निवेदन<br>• ना.प्र.प.को प्रतिलिपी | निवेदनमा रु १० को टिकट | निवेदन परेकै दिन | कोठा नं. १०५ | प्र.जि.अ./स.प्र.जि.अ. |
| | | ख)<br>अनुमति पत्र नविकरण | प्रशासन शाखा | • व्यहोरा स्पष्ट रुपमा खुलेको तोकिएको ढाँचा वमोजिमको निवेदन<br>• ना.प्र.प.को प्रतिलिपी<br>• अनुमति पत्रको सक्कल पेश गर्ने (पछि फिर्ता हुने) | निवेदनमा रु १० को टिकट | निवेदन परेकै दिन | कोठा नं. १०५ | प्र.जि.अ./स.प्र.जि.अ. |
| १<br>३ | दलित/ जनजाती/ मुस्लिम प्रमाणित | सम्बन्धित जात वा समुदायको भनी प्रमाणित गर्ने कार्य | प्रशासन शाखा | • स्पष्ट व्यहोरा खुलेको निवेदन<br>• ना.प्र.प.को छायाँकपी<br>• सम्बन्धित वडाको सिफारिस | निवेदनमा रू १० को टिकट | निवेदन परेकै दिन | कोठा नं. १०३ | प्र.जि.अ./स.प्र.जि.अ. |